नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

We're HIRING!
JOIN OUR TEAM
आवश्यकता

सिमला देवी मिडिया प्रालिद्वारा सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले आवश्यक कागजपत्रसहित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

पद : रेडियो एङ्कर-२ जना (महिला),
मार्केटिङ्ग-२ जना (पुरूष)
शैक्षिक योग्यता : कम्तीमा एसइई पास
कार्य अनुभव : कम्तिमा २ वर्ष, कम्प्युटरमा राम्रो दखल भएको हुनुपर्ने।
पारिश्रमिक : आपसी समझदारीमा

सम्पर्कको लागि :9854028218, 9808835198

वर्ष ३ • अंक ४३ • २०८१ साल पुष ०७ गते आइतबार • Sunday 22, December 2024 • सूर्योदयः बिहान ६:५० बजे • सूर्यास्तः साँझ ५:१६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

एनपिएलः

# उपाधि विजेता बन्यो जनकपुर बोल्ट्स




**अफरोज अर्पण**
**वीरगंज ।**

ओपनर लाहिरु मिलन्थाको शान्दार ब्याटिङप्रेरित सुदूरपश्चिम रोयल्सलाई हराउँदै जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि उचालेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार सम्पन्न फाइनलमा खेलमा जनकपुरले लिग चरण र पहिलो क्वालिफायरमा ब्योरेको हारको बदला लिँदै सुदूरपश्चिममाथि पाँच विकेटको जित हासिल गर्दै च्याम्पियन बनेको हो ।

टस जितेर पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले दिएको १८५ रनको विशाल लक्ष्य जनकपुरले १९.२ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो । जनकपुरलाई च्याम्पियन बनाउन ओपनर मिलन्थाले ४९ बलमा ९ चौका र चार छक्कासहित सर्वाधिक ८७ रनको विजेता पारी खेले । त्यस्तै अर्का ओपनर तथा कप्तान आसिफ शेखले १९ बलमा चार चौका र दुई छक्कासहित ३३ रनको योगदान दिए । चौथो नम्बरमा ब्याटिङ गर्न आएका हर्ष थाकरले अविजित ३० रनको महत्वपूर्ण योगदान गरे । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरी, शैफ अलि जैब, स्कट कुगुलेइन र इशान पाण्डेले समान एक विकेट लिए ।

जनकपुरका लागि मिलान्था र आसिफले ब्याटिङ पावरप्ले (सुरुआती ६ ओभर)मा विना कुनै विकेट गुमाएर ७१ रन जोड्दै टोलीलाई शान्दार शुरुआत दिलाएका थिए । सातौं ओभरमा आसिफ जैबको बलमा लङ अफमा ब्रेन्डन म्याकमुलनबाट क्याच भएपछि सुदूरपश्चिमले ब्रेक थ्रु पायो । आसिफ सुदूरपश्चिमविरुद्ध लगातार तेस्रो खेलमा जैबको बलिङमा पेभिलियन फर्किएका हुन् । यसअघि लिग चरण र पहिलो क्वालिफायर्समा आसिफ जैबबाट बोल्ड भएका थिए । आसिफ पेभिलियन फर्किएपछि क्रिजमा आएका मोहम्मद मोहसिनले मिलन्थासँग मिलेर ३२ रनको साझेदारी गरे । १०औं ओभरको अन्तिम बलमा इशानबाट बोल्ड हुनुअघि मोहसिनले ९ रन जोडे । मोहसिनपछि क्रिजमा आए ठाकर । ठाकरले तेस्रो विकेटको लागि मिलन्थासँग मिलेर ६१ रनको अर्धशतकीय साझेदारी गर्दै टोलीलाई सहज जिततर्फ उन्मुख गराए । १६औं ओभरको तेस्रो बलमा मिलन्था पेभिलियन फर्किए । मिलन्था बलर कुगुलेइनबाटै रनअपमा क्याच भए । अब जनकपुरलाई जितका लागि मात्र १९ रन आवश्यक थियो । मिलन्थापछि क्रिजमा आएका निसमले चार रनभन्दा माथिको रन बनाउन सकेनन् । उनी कप्तान ऐरीबाट बोल्ड हुन पुगे । १९औं ओभरको चौथो बलमा दुई रनमा रहेका आकाश त्रिपाठी रन आउट भए । अब जितका लागि मात्र तीन रन आवश्यक थियो । जैबले त्यस ओभरमा त्यसपछि कुनै पनि रन खर्चिएनन् । खेल अन्तिम ओभरसम्म लम्बियो । जहाँ जनकपुरले तीन रन बनाउँदै खेल जित्यो । अन्तिममा मध्यक्रमका ब्याटर मयान यादवले कभरमा बल प्रहार गरे अनि दुई रन लिँदै जनकपुरलाई एनपिएलको पहिलो च्याम्पियन बनाए ।

त्यसअघि टस जितेर ब्याटिङको निर्णय गरेको सुदूरपश्चिमले २० ओभरको समाप्तिमा ९ विकेट गुमाउँदै १८४ रनको योगफल तयार पार्यो । सुदूरपश्चिमका लागि विनोद भन्डारी र जैबको जोडीले पहिलो विकेटको लागि ११७ रनको साझेदारी गरे । जैबले ४३ बलमा आठ चौका र दुई छक्कासहित ६९ रनको योगदान गर्दा विनोदले ३१ बलमा एक चौका र तीन छक्कासहित ४१ रन बनाए । त्यस्तै तेस्रो नम्बरका ब्याटर ब्रेन्डन म्याकमुलन र चौथो नम्बरका हर्मीत सिंहले समान १४ रन बनाए । यसैगरी मध्यक्रमका ब्याटर स्कट कुगुलेइनले १३ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

जनकपुरका लागि स्पिनर मोहम्मद मोहसिनले चार ओभरमा ४० रन खर्चिँदै सर्वाधिक तीन विकेट लिए । त्यस्तै तीव्र गतिका बलर किशोर महत्तोले तीन ओभरमा २५ रन खर्चिँदै तीन विकेट लिए । तीव्र गतिका बलर जिमी निसम सबैभन्दा महँगा बलर सावित भए । एक विकेट लिएका निसमले चार ओभरमा ४४ रन खर्चिए । एक विकेट लिएका स्पिनर ललित राजवंशीले चार ओभरमा मात्र १५ रन खर्चिए ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले आयोजना गरेको एनपीएलमा आठ टिम सहभागी थिए । मंसिर १५ गतेदेखि शुरु भएको प्रतियोगितामा जनकपुर बोल्ट्ससहित सुदूरपश्चि रोयल्स्, विराटनगर किङ्स, चितवन राइनोज, काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स र कर्णाली याक्स रहेका थिए ।

## उपाधिसँगै जनकपुरले पायो १ करोड १० लाख

नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करणको उपाधिसँगै जनकपुर बोल्ट्सले एक करोड १० लाख रुपैयाँ हात पारेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुरले उक्त रकम हात पारेको हो । यो नेपाली खेलकुद इतिहासमा यो अहिलेसम्मकै सबैभन्दा ठूलो पुरस्कार राशि हो । यसअघि २०७१÷०७२ को राष्ट्रिय लिग विजेता श्री स्टार क्लबलाई अखिल नेपाल फुटबल संघ (एन्फा)ले कीर्तिमानी पुरस्कार एक करोड दिएको थियो । उक्त कीर्तिमान एनपिएलले तोडेको हो । यता, उपविजेता सुदूरपश्चिमले भने ५१ लाख रुपैयाँमा चित्त बुझायो ।

## निसम बने सर्वोत्कृष्ट खेलाडी




जनकपुर बोल्ट्सका अलराउन्डर जिमी निसम नेपाल प्रिमियर लिग (एनपिएल) को सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । जनकपुरलाई च्याम्पियन बनाउन उनले नौ इनिङ्समा एक अर्धशतकसहित २४७ रन बनाए । यस्तै, बलिङतर्फ उनले ९ इनिङ्समा सात विकेट लिए ।

## दीपेन्द्रले जिते कार



सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीले नेपाल प्रिमियर लिग (एनपिएल) सर्वोत्कृष्ट खेलाडी (नेपाली) हुँदै कार पाएका छन् ।

प्रतियोगितामा अलराउण्डर प्रर्दशन गरेको दीपेन्द्रले पहिलो सिजनको नेपाली सर्वोत्कृष्ट खेलाडी बन्दै अमोडाको कार प्राप्त गरेका हुन् । उनकै दमदार प्रर्दशनमा सुदूर फाइनल पुग्ने पहिलो टोली बनेको थियो । प्रतियोगितामा दीपेन्द्रले २ सय २७ रन प्रहार गरेका थिए भने ९ विकेट हात पारेका थिए ।

## ललितले पाए बाइक




जनकपुर बोल्ट्सका स्पिनर ललितनारायण राजवंशीले नेपाल प्रिमियर लिग (एनपिएल)मा बाइक पाएका छन् ।

जनकपुरलाई उपाधि दिलाउन उनले १७ विकेट लिएका थिए । १० इनिङ्स बलिङ गरेका उनले ४० ओभरमा २१३ रन खर्चिँदै १७ विकेट लिएका थिए । उनी एनपिएलमा सर्वाधिक विकेट लिने दोस्रो खेलाडी बने । उनीसँगै सुदूरपश्चिम रोयल्सका स्कट कुगेलेनले १७ विकेट लिए । ललितकै उत्कृष्ट प्रर्दशनमा जनकपुरले पहिलो सिजनको एनपीएलको उपाधि जितेको छ ।

## विपिन उदीयमान खेलाडी




कर्णाली याक्सका स्पिनर विपिन शर्मा नेपाल प्रिमियर लिग (एनपिएल) को उदीयमान खेलाडी घोषित भएका छन् । उनले कर्णालीलाई प्लेअफमा पु¥याउन १३ विकेट लिएका थिए । उनले एक लाख रुपैयाँ नगद पुरस्कार पाए ।

## एनपिएलका उत्कृष्ट खेलाडी ललित राजवंशीः पुबुदु

जनकपुर बोल्ट्सका प्रशिक्षक पुबुदु दसानायकेले इमानदारीपूर्वक भन्ने हो भने आफ्ना लागि स्पिनर ललितनारायण राजवंशी नै प्रतियोगिताको उत्कृष्ट खेलाडी रहेको बताएका छन् । फाइनलपछिको पत्रकार सम्मेलनमा प्रशिक्षक पुबुदुले आफ्नो टोलीका स्पिनर ललितले प्रतियोगिताभर उत्कृष्ट बलिङ गरेको र उनी नै आफ्ना लागि उत्कृष्ट खेलाडी रहेको बताए । उनले कहिलेकाहिँ रनमा मात्र ध्यान हुने भए उल्लेख गर्दै ललितको प्रदर्शन नै खेलको महत्वपूर्ण पक्ष रहेका बताए । ललितले ब्याटिङ पिचमा पनि राम्रो बलिङ गरेको प्रशिक्षक पुबुदुको भनाइ छ । आफू जनकपुरको प्रशिक्षक भएर मात्र ललितलाई समर्थन नगरेको र उनी नै प्रतियोगिताको प्रमुख खेलाडी रहेको उनी बताउँछन् । यद्यपि, उनले दीपेन्द्र सिंह ऐरीले पनि राम्रो खेलेको बताए । उनले पावर प्लेमा आसिफ शेख र लाहिरु मिलन्थाले खेलको माहोललाई परिवर्तन गराएको प्रतिक्रिया दिए । उनले यस एनपिएलमा नेपालका सिनियर र युवा खेलाडीले राम्रो प्रदर्शन गरेको बताए । स्टार खेलाडीसँग एउटै ड्रेसिङ रुम सेयर गर्न पाउँदा उनीहरूमा थप आत्मविश्वास बढ्ने उनको बुझाइ छ ।

# सङ्घीयताबारे तर्कहीन टिप्पणी नै करबाक लेल सभामुखके आग्रह

**काठमाण्डू ।**
सभामुख देवराज घिमिरे सङ्घीयता महङ्ग भेल टिप्पणी तर्कसङ्गत नै भेल बतौलैन अइछ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगके स्मारिका आइ लोकार्पण करैत ओ विषयवस्तुके गम्भिरता नै जाइन सङ्घीयताक विषयमे नकारात्मक टिप्पणी करब गलत भेल बतौलैन ।
सभामुख घिमिरे कहलैथ, "सङ्घीयताकेँ कमजोर बनेबाक व्याख्या भ रहल अइछ, से गलत छै । कतेको बात क्षमता, कानुन आ समझके अभावमे कमजोरी भ गेल अइछ ।" ओ सङ्घीय शासन प्रणालीमे भेल कमी कमजोरी तथा असल अभ्यास आ उपलब्धिके समीक्षा करब आवश्यक रहल बतौलैन ।
भामुख घिमिरे कहलैथ, "कानुन निर्माणसँ सङ्घीयताकेँ सहयोग हेबाक लेल काज करबाक चाही उन्टे सङ्घीयता बोझ छै, खर्चालु प्रणाली आ स्रोतके दुरुपयोग भेलै ताहि कोणसँ मात्र टिप्पणी भ रहल अइछ, । संविधानक संशोधनमे सङघीयताक बारेमे बहस हएब गलत छै ।"
आयोगक अध्यक्ष बालानन्द पौडेल वित्तीय सङ्घीयता, राजस्व व्यवस्थापन, खर्च जिम्मेवारी, प्राकृतिक स्रोतके संरक्षण आ उपयोग, स्रोत परिचालन सम्बन्धी विवाद समाधान, प्रदेश तथा स्थानीय सरकारक कार्यसम्पादन अध्ययन क प्रचारप्रसार करबाक कार्यकेँ समेत आयोग कार्यक्षेत्र बनाएल जानकारी देलैन अइछ ।
आयोगक सचिव किरणराज शर्मा सङ्घीयता, वित्त सङ्घीयता, अन्तर–सरकारी वित्त व्यवस्थापन आ प्राकृतिक स्रोत व्यवस्थापनक विषयमे सम्बन्धित विषयक ज्ञाताके ३८ टा लेख रचना प्रकाशित स्मारिकामे समावेश रहल जानकारी देलैन अइछ ।
प्रकृतिक संरक्षणके क्षेत्रमे कार्यरत डा घनश्याम गुरुङ प्रकृति आ प्राकृतिक स्रोतसाधनके टिकाउ विकाश आ उपयोग विषयमे आएल आवाजकेँ विकाश विरोधी कहब नै मिलत बतौलैन ।
पूर्वसचिव वेगेन्द्र शर्मा पौडेल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगकेँ तीनु तहके सरकारकेँ सन्तुलित, पारदर्शी आ न्यायिक ढङ्ग सरकारके ढुकुटीमे टका वितरणके अधिकार रहल बतौलैन ।
स्मारिकामे सङ्घीय इकाईके आवधिक योजना आ बजेट, नेपालमे सङ्घीयता, अर्थशास्त्र, अर्थतन्त्र, बजेट आ सार्वजनिक कर्जा, वित्तीय सङ्घीयता कार्यान्वयनमे अन्तर सरकारी वित्त व्यवस्थापन प्रणाली आ आगामी कार्यदिशालगायतके शीर्षके विषय विज्ञसभक लेख समावेश अइछ ।

# एनपिएलके उपाधि जनकपुर बोल्ट्सकेँ

**काठमाण्डू ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)के पहिल संस्करणक उपाधि जनकपुर बोल्ट्सकेँ हातमे गेल अइछ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमे सुदूरपश्चिम रोयल्सकेँ पाँच विकेटसँ पराजित करैत जनकपुर बोल्ट्स उपाधिपर कव्जा जमौलक । जितबाक लेल सुदूरपश्चिम रोयल्सद्वारा देल एक सओ ८५ रनके लक्ष्य जनकपुर बोल्ट्स १९ दशमलव दू ओभरमे पाँच विकेटक क्षतिमे पूरा केलक ।



जनकपुरकेँ उपाधि दिएबाक लेल ओपनरद्वय लाहिरु मिलान्था आ आशिफ शेख पहिल विकेटके लेल महत्वपूर्ण ७३ रनके साझेदारी केलैथ । जनकपुरक जीतमे मिलान्था आक्रामक अर्धशतकीय पारी खेलेलैथ । ओ ४९ बल खेलबाक क्रममे चाइर छक्का आ नओ चौकाक सहयोगमे ८७ रन बनेलैथ । आशिफ शेख १९ बल खेलबाक क्रममे चाइर चौका आ दू छक्कासहित ३३ रनके योगदान देलैन । हर्ष थाकर २४ बल खेलैत दू छक्काक साहरामे ३० रन बनेलैथ । सङे मोहम्मद मोहसिन नओ आ जिमी निशाम चाइर, आकाश त्रिपाठी दू आ मयन यादव दू रन बनेलैथ ।
सुदूरपश्चिमक लेल सैफ अलि जेब, इशान पाण्डे, दीपेन्द्र सिंह ऐरी आ स्कट कुग्गेलेइन समान एक–एक विकेट लेलैन । अइसँ पहिने टस जीत क पहिने ब्याटिङ केने सुदूरपश्चिम निर्धारित २० ओभरमे नओ विकेटक क्षतिमे १८४ रन बनेने छल । ओपनरद्वय सैफ अलि जेब आ बिनोद भण्डारी शानदार शुरूआत केलक । ओसभ पहिल विकेटके लेल एक सओ १७ रनके साझेदारी केलैथ । सैफ अलि जेब अर्धशतकीय पारी खेलेलैथ । ओ ४३ बल खेलबाक क्रममे आठ चौका आ दू छक्काके सहरामे ६९ रन बनेलैथ । सङे बिनोद भण्डारी ३१ बलक सामना करैत एक चौका आ तीन छक्कासहित ४१ रन बनेलैथ।
सङे ब्राण्डन म्याकमुलेन आ हर्मित सिंह समान १४ रन बनेलैथ तँ स्कट कुग्गेलेइन १३ रन बनेलैथ । अन्य ब्याटर दोहरा अङ्क नै बना सकलैथ । जनकपुरक लेल किशोर महतो आ मोहम्मद मोहसिन तीन÷तीन विकेट तँ जिमी निशाम आ ललित राजवंशी एक÷एक विकेट लेलैन । प्रतियोगिताक उपाधि विजेता ट्रफीसहित एक करोड़ १० लाख आ उपविजेता ५१ लाख, तेसरके २५ लाख आ चारिमके १५ लाख टका प्राप्त केलक से नेपाल क्रिकेट सङ्घ (क्यान) जनौलक अइछ ।

# 'सरकारकेँ असफल होबाक छुट नै छै'

**सुदूरपश्चिम ।**
नेपाली कांग्रेसक नेता डा शेखर कोइराला कांग्रेस—एमालेके सहमतिमे बनल वर्तमान सरकारकेँ असफल होबाक छुट नै रहल बतौलैन अइछ ।
शुक्रदिन धनगढी विमानस्थलमे पत्रकारसङ ओ संविधान संशोधन, आर्थिक विकाश आ सुशासनक लेल दू पैघ दल मिल क सरकार गठन भेल सएह अनुसार जनपक्षीय काज करबाकमे जोड़ देलैन ।
ई सरकार संविधान संशोधन, आर्थिक विकाश आ सुशासनके लेल बनल छै। संसद्के पैघ दू दलबीचके सातबिन्दु सहमति अनुसार सरकार चलैत रहत, नेता डा कोइराला कहलैन ।
ओ पार्टी सभापति शेरबहादुर देउवासङे अपन कोनो असमझदारी नै रहल सेहो कहलैथ । नेता कोइराला पार्टीक शुभेच्छुक सङ्गठनद्वारा आयोजन होबाक कार्यक्रममे सहभागी होबाक लेल शुक्रदिन धनगढी पहुँचल छलैथ । हुनका नेता कार्यकर्ता १५ किलोग्राम फूलके मालासहित भव्य स्वागत केने छल ।


# 'सरकारकेँ असफल होबाक छुट नै छै'

**सुदूरपश्चिम ।**
नेपाली कांग्रेसक नेता डा शेखर कोइराला कांग्रेस—एमालेके सहमतिमे बनल वर्तमान सरकारकेँ असफल होबाक छुट नै रहल बतौलैन अइछ ।
शुक्रदिन धनगढी विमानस्थलमे पत्रकारसङ ओ संविधान संशोधन, आर्थिक विकाश आ सुशासनक लेल दू पैघ दल मिल क सरकार गठन भेल सएह अनुसार जनपक्षीय काज करबाकमे जोड़ देलैन ।
ई सरकार संविधान संशोधन, आर्थिक विकाश आ सुशासनके लेल बनल छै। संसद्के पैघ दू दलबीचके सातबिन्दु सहमति अनुसार सरकार चलैत रहत, नेता डा कोइराला कहलैन ।
ओ पार्टी सभापति शेरबहादुर देउवासङे अपन कोनो असमझदारी नै रहल सेहो कहलैथ । नेता कोइराला पार्टीक शुभेच्छुक सङ्गठनद्वारा आयोजन होबाक कार्यक्रममे सहभागी होबाक लेल शुक्रदिन धनगढी पहुँचल छलैथ । हुनका नेता कार्यकर्ता १५ किलोग्राम फूलके मालासहित भव्य स्वागत केने छल ।


# अनुगमनके क्रममे चाइर सओ पन्ध्र बोरा रासायनिक मल जफत

**सप्तरी ।**
सप्तरीमे चाइर सओसँ बेसी बोरा रासायनिक मल जफत कएल गेल अइछ । बजार अनुगमन टोली अगहन १९ सँ पुस ३ गतेधैरमे चाइर सओ पन्ध्र बोरा मल जफत केलक अइछ । इएह पुस ३ गते बुधदिन टोली बोदेबरसाइन नगरपालिका–५ मे माँ डाक्रेश्वरी टेड्र्समे छापमारीमे ५६ बोरा रासायनिक मल जफत कएल सहायक प्रमुख जिला अधिकारी जीतेन्द्रकुमार यादव बतौलैन ।
हुनका अनुसार डाक्रेश्वरी नगरपालिका–५ मे दर्ता रहल ओइ टेड्र्स ब्लाकमे मल बिक्री करैत आएल छल । अगहन १९ गते डाक्रेश्वरी नगरपालिका–९ क आदर्श ट्रेडर्स एन्ड सप्लायर्ससँ दू सओ बीस बोरा आ हनुमाननगर कङ्कालिनी नगरपालिका–७ के सत्यनारायण यादवके घरसँ अगहन २६ गते एक सओ ३९ बोरा मल जफत कएल गेल छल । जफत कएल गेल मल साल्ट ट्रेडिङके अनुदान प्राप्तमध्येमेसँ रहल सहायक प्रमुख जिला अधिकारी यादव बतौलैन । उक्त मल जफत करबाक समय सम्बन्धित व्यक्ति नै भेटल तथा कियो नै पकड़ाएल ओ जानकारी देलैन अइछ ।
अनुगमनके क्रममे बिल बीजकबिना कारोबार करैत आएल चाइरटा संस्थाकेँ जरिवानासेहो कएल गेल अइछ ।
हनुमाननगर कङ्कालिनी नगरपालिका–९ के नर्सिङ कृषि संस्था लिमिटेड, जयबाबा गणिनाथ उपभोक्ता संस्था लिमिटेड, हंस उपभोक्ता संस्था लिमिटेडकेँ पाँच हजार आ कृति टेड्र्स राजविराजकेँ बीस हजार टका जरिवाना कएल गेल सहायक प्रमुख जिला अधिकारी यादव बतौलैन । 'जरिवाना कएल सबटा जरिवाना चुकौने अइछ । मल जफत कएल संस्थाक व्यक्तिसभ तत्काल नै भेलासँ कानुनबमोजिम कारबाही आगू बढाएल गेल अइछ ।'

# रैवदिनसँ सञ्चार आ मिडियासम्बन्धी सम्मेलन



**काठमाण्डू ।**
काठमाण्डूमे काइलसँ सञ्चार आ मिडियासम्बन्धी सम्मेलन २०२४ आयोजना होब जा रहल अइछ । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग आ सेन्टर फर मिडिया रिसर्च नेपालक आयोजनमे दू दिनक सम्मेलन होब लागल अइछ । सम्मेलन विभागक क्यामेरा भवन बल्खुमे हएत ।
सम्मेलनमे पत्रकारिता, मिडिया आ सञ्चारसङ सम्बन्धित एक दर्जनसँ बेसी अनुसन्धान प्रस्तुत होबाक कार्यक्रम रहल बात विभाग जनौलक अइछ ।
विभागक प्रमुख डा कुन्दन अर्याल पत्रकारिता आ सञ्चार क्षेत्रमे अध्ययन तथा अनुसन्धानकेँ प्रोत्साहन, सञ्चार आ पत्रकारिता क्षेत्रके विविध विषयमे संवाद संस्कृतिक विकाश, नयाँ नयाँ प्रविधि स आएल अवसरके सदुपयोग आ चुनौतीकेँ सामना लेल सहयोग पहुँचेबाके उद्देश्य स सम्मेलन आयोजन कएल जानकारी देलैन अइछ ।
सम्मेलनमे भारत, बङ्गलादेश आ श्रीलङ्काक विज्ञसभके प्रस्तुति अइछ । प्राध्यापक पी खरेलके 'बहुच्यानल आ दर्शकके खण्डीकरण' विषयमे विशेष प्रस्तुति हएत ।
एहि सम्मेलनमे कृत्रिम बौद्धिकता युगमे मिथ्या सूचना विरुद्धके लडाइ, मिडिया आ भ्रष्टाचार, पत्रकारिताक भविष्य, मिडिया आ राज्यके सम्बन्ध, पत्रकारिताके दीर्घकालिनबारे सम्बन्धित क्षेत्रके विज्ञ, पत्रकार आ अनुसन्धानकर्तासभबीच अलगेअलग संवाद करबाक कार्यक्रम अइछ ।

# कीर्तिपुर क्रिकेट रङ्गशालामे समयमे 'प्यारापिट' बनाएल जाएत



**काठमाण्डू ।**
प्रधानमन्त्री केपी शर्मा ओली कीर्तिपुरक क्रिकेट रङ्गशालामे समयेमे 'प्यारापिट' निर्माण क 'फ्लडलाइट' सेहो जड़ान कएल जेबाक बतौलैन अइछ । मन्त्रिपरिषद्के शुक्रदिनक बैसारमे ओइ रङ्गशालामे प्यारापिट निर्माण आ फ्लडलाइट जडान करबाक निर्णय कएल प्रधानमन्त्री ओली सामाजिक सञ्जालमे उल्लेख केलैन अइछ । प्रधानमन्त्री तीन 'सिफ्ट'मे काज क निर्धारित समयेमे रङ्गशालाकेँ सुविधा सम्पन्न बनाएल जेबाक बतौलैन अइछ ।
'क्रिकेट हमरासभक युवा समाजक प्राण छियै । क्याबिनेटके पहिल बैसारसँ हमरासभ कीर्तिपुरके मैदानमे क्रिकेट रङ्गशालाक प्यारापिट निर्माण आ फ्लडलाइट जडान करबाक निर्णय केने छलौँ,' प्रधानमन्त्री ओली सञ्जालमे लिखने छैथ, 'आइ एकर निर्माणक लेल बोलपत्र आह्वान भेल छै । आब हमरासभ तीन सिफ्टमे फटाफट काज क एकरा निर्धारित समयेमे सम्पन्न करबाक अइछ ।'
प्रधानमन्त्री क्रिकेट रङ्गशाला निर्माणक क्रममे पारस खड्कासहितके राष्ट्रिय खेलाडीसभसँ बातचित कएल कहैत रङ्गशालाकेँ विश्वस्तरके बनाएल जेबाक उल्लेख केलैन । सङे ओ रङ्गशाला निर्माणक काज शीघ्र पूरा करबाक लेल तथा सुझावसङे खबरदारी करबाक लेल सबकेँ आग्रह केलैन अइछ ।
'नेपाल क्रिकेट सङ्घ (क्यान)के पदाधिकारीसभ सेहो बरु कनि समय द क विश्वस्तरके रङ्गशालाके बढिया 'डिजाइन' कएल जाओ, धरफरी नै करब सलाह देने छल,' प्रधानमन्त्री ओली लिखने छैथ, 'जमीन प्राप्तिलगायत झन्झटिया प्राविधिक प्रक्रिया सोचलसँ बेसी समय लागलै । उक्त प्रारम्भिक प्राविधिक डिजाइन तय करबाक काजमे किछ देरी जरूर भेल ।'




# आगजनीमा संलग्न पक्राउ, मन्त्री सरुवाका लागि तयार

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका कार्यालयमा शुक्रबार आगजनी गरेको आरोपमा शनिबार दुई जना विद्यार्थीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । आगजनी गरी अवाञ्छित गतिविधि गरेको भन्दै दुई विद्यार्थीलाई नियन्त्रणमा लिइएको पर्सा प्रहरीका प्रवक्ता किशोर लम्सालले जानकारी दिए । नगरपालिका कार्यालयमा आगजनी गर्ने समूहलाई प्रहरीले खोजी गरिरहेको उनले बताए ।
यस्तै, पर्सा प्रहरीले बिहीबार पढाइ ठप्प पार्ने शिक्षक र नगरपालिकामा तालाबन्दी गर्ने तथा शुक्रबार आगजनी गर्ने विद्यार्थी समूह र उनीहरुलाई उक्साउने नेता कार्यकर्ताको फोन डिटेल पत्ता लगाई खोजी गरिरहेको जनाएको छ । यस्तै, प्रहरीले नगरपालिकाको सबै कोठा तोडफोड हुँदा पनि प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफाको कोठा सुरक्षित रहेको पाइएपछि उनीमाथि पनि सूक्ष्म अनुसन्धान जारी राखेको प्रहरी स्रोतको भनाइ छ ।

**सहयोग गर्न चाहन्छुः पटेल**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको सचिवालय सदस्य तथा बहुदरमाई नगरपालिकामा मेयरका प्रत्यासी, एमाले नेता शिव पटेलले आफ्नो पालिका कार्यालयमा भएको आगजनीमा दुःख व्यक्त गरेका छन् ।
मधेशदृष्टिसँगको कुराकानीमा उनले भने, 'आफ्नो पालिकामा मेयरकै उम्मेदवार भएको मान्छेले आगो लाग्दा खुशी हुने कुरै छैन, तर आगलागी किन भयो भन्ने घटनामा सरोकार नराख्नेहरुका कारण दुःखी छु ।' उनले भने, 'पहिला मेयर साब नै यो हाकिम सरुवा नगरिदिनुस् भन्दै आउनु भयो, अहिले किन उहाँसँग दूरी बढ्यो, उहाँको कुरा हो, तर अख्तियारको निर्देशनपछि २६ जना कर्मचारी हटेपछि र पछि ६ जना स्वास्थ्य कर्मचारी राख्ने विषयमा मेयर साब र प्रमुख प्रशासकीय अधिकृतबीच दूरी बढेको थाहा पाएको छु ।' मेयरको उम्मेदवारमा हारे पनि सधैँ बहुदरमाईको पक्षमा रहेको र मेयरलाई सहयोग गर्न तयार रहेको तर मेयर सिंगासन सा तेलीले कुनै दिन समन्वयको पहल नगरेको नेता पटेलले बताए । उनले थपे, 'मन्त्रीज्यू (राजकुमार गुप्ता) बहुदरमाईको प्रमुख प्रशासकीय अधिकृत हटाउन तयार हुनुहुन्छ, तर मेयर साब हटाऊ भन्दै आउनु हुन्छ, उपमेयर र वडाध्यक्षहरु विरोधमा उत्रिनु हुन्छ, नगरपालिकाबाट सहमति गरेर आए अहिले पनि प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेर मुस्तफालाई सरुवा गर्न मन्त्रीज्यू तयार हुनुहुन्छ ।'
यता, कार्यालयको सबै कोठा जले पनि प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफाको कोठा मात्रै सुरक्षित रहेपछि सरकारी कार्यालय आगजनी हुँदा सरकारी कर्मचारीकै कतै संलग्नता त छैन भन्दै प्रहरी प्रशासनले प्रमुख प्रशासकीय अधिकृत मुस्तफाको फोन डिटेल अध्ययन गरिरहेको छ भने उनीमाथि सुक्ष्म अध्ययन गरिरहेको छ ।
यता, खानेपानी मन्त्री प्रदीप यादवको पार्टी जनता समाजवादीमा प्रवेश गरेपछि कानून मन्त्री अजय चौरसिया र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको भूगोलमा कर्मचारी, राजनीतिक दलसँगै कर्मचारीको त्रिकोणात्मक द्वन्द्वले स्थानीय तहको कार्यालय नै जल्दा पनि तीनैजना मन्त्रीको कुनै प्रतिक्रिया आएको छैन ।

# लुटेराहरुद्वारा घरधनीको हत्या लाखौँको लुटपाट

**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरी जिल्लाको मनरासिश्वा नगरपालिका–४ साढा गाउँमा आज बिहान लुटेराहरूको एक समूहले घरधनीको हत्या गरी लाखौँको लुटपाट गरेका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार स्थानीय ७० वर्षीय सुशील झाको घरमा आज बिहान ४ बजे लुटेराको समूह पसेर निज घरधनी झालाई कुटपिट गरेर हत्या गरी लाखौँको लुटपाट गरेका छन् । घरमा पत्नीसँग मात्रै बस्दै आएका घरधनी सुशीललाई सात÷आठ जनाको समूहमा हातहतियारसहित आएका नकाबधारी लुटेराको समूहले आक्रमण गरी हत्या गरेको र घरबाट सुनको मङ्गलसुत्र एक थान, सुनको औँठी एक थान र ८० हजार रुपैयाँ नगद लुटेर लगेको प्रहरी नायब उपरीक्षक जैसवारले बताए । झाकी पत्नी सामान्य घाइते भएको जनाइएको छ । अन्य के कति सरसामान लुटपाट गरेको बारेमा प्रहरी टोली घटनास्थलमा पुगेर खोजबिन गर्दैछ भने घरधनी सुशीलको शव पनि अहिले घटनास्थलमै रहेको जनाइएको छ ।

# पोखरिया अस्पताल ५० शय्याको प्रादेशिकमा स्तरोन्नति हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले पर्साको पोखरिया अस्पताललाई ५० मा स्तरोन्नति गरेर प्रादेशिक अस्पताल बनाउने निर्णय गरेको छ । सङ्घीय मन्त्रिपरिषद्को शुक्रबार बसेको बैठकले १५ शय्याको सो अस्पताललाई स्तरोन्नति गर्ने निर्णय गरेको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले शुक्रबारको मन्त्रिपरिषद्को बैठकले १५ शययाको पोखरिया जिल्ला अस्पताललाई ५० शय्यामा स्तरोन्नति गर्दै प्रादेशिक अस्पताल घोषणा गर्ने निर्णय गरेको सामाजिक सञ्जाल फेसबुकबाट जानकारी दिएका छन् । 'पर्साको पोखरीयावासी नागरिकको चाहना सम्बोधन गर्दै पोखरिया अस्पताललाई ५० शययामा प्रदेश अस्पतालको रूपमा सञ्चालन गर्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको छ', मन्त्री पौडेलले भनेका छन्, 'पर्सावासीको निरन्तर चासो र मागको रूपमा रहेको यस अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सबैबाट सहयोग मिल्ने आशा व्यक्त गर्दै यस कार्यमा सघाउने सबैप्रति आभार प्रकट गर्दछु ।'

# मधेशमै पहिलो फोहर प्रशोधन केन्द्र सञ्चालन



**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेशमा फोहरमैला प्रशोधन केन्द्र सञ्चालनमा आएको छ । महोत्तरीको बर्दिबास नगरपालिका र हिट्टा हेवी मेसिनरी ऐण्ड रिसाइक्लिन सेन्टर काठमाडौँको सहकार्यमा बर्दिबास–८ मा निर्मित फोहरमैला प्रशोधन केन्द्र शुक्रबार सञ्चालन भएको हो । प्रारम्भिक लागत एक करोड २० लाख रुपैयाँको खर्चमा निर्मित केन्द्र मधेशकै पहिलो भएको केन्द्रका प्रबन्ध निर्देशक सुरेन्द्र साहको भनाइ छ । बर्दिबास नगरपालिका र हिट्टा हेवी मेसिनरी ऐण्ड रिसाइक्लिन सेन्टर काठमाडौँबीच भएको सहमतिबाट यो केन्द्र सञ्चालनमा आएको हो । साझेदार कम्पनी हिट्टा हेवी मेसिनरी ऐण्ड रिसाइक्लिन सेन्टर काठमाडौँले २० वर्षको अवधि प्रशोधन केन्द्र सञ्चालनको सहमति नगरपालिकाबाट पाएको छ । यस अवधिमा फोहर सङ्कलन, व्यवस्थापन, प्रशोधनबाट हुने आम्दानीबाट १२ प्रतिशत नगरपालिकाले प्राप्त गर्ने सम्झौता रहेको दुवै पक्षले पुष्टि गरेका छन् । सञ्चालनमा आएको केन्द्रले शुक्रबारदेखि नै नगरक्षेत्रबाट सङ्कलित फोहर प्रशोधन गर्न थालेको छ । अहिले फोहर प्रशोधन गरेर खरानी बनाइने इन्सिनिटर मेसिनमात्र जडान छ । अब केही महिनाभित्रै थप मेसिन जडान गरेर मल बनाउन थालिने केन्द्रका प्रबन्ध निर्देशक साहले स्पष्ट पारे । 'हामीले नगरक्षेत्रबाट सङ्कलित फोहर इन्सिनिटर मेसिनमा पेल्न थाल्यौँ, यसबाट जम्मा हुने खरानीबाट अब केही महिनाभित्रै उर्बर मल बनाउने कार्य सुरू हुन्छ', प्रबन्ध निर्देशक साह भछन्, 'यो फोहरमैला व्यवस्थापनमा मधेश प्रदेशकै पहिलो प्रयत्न हो ।'
यो केन्द्रले अब अहिलेसम्म बर्दिबास नगरक्षेत्रका घरघरबाट र चोक बजार क्षेत्रबाट सङ्कलन हुने फोहर नियमित पेलेर खरानी बनाउने छ । केन्द्रमा जडित इन्सिनेटर मेसिन दैनिक छ टन फोहर पेल्ने क्षमताको रहेको प्रबन्ध निर्देशक साहको भनाइ छ । अहिले बर्दिबास नगरक्षेत्रमा चार टन फोहर दैनिक सङ्कलन हुँदै आएको छ । प्रशोधन केन्द्र सञ्चालनले नगर क्षेत्रको फोहर व्यवस्थापन हुनसँगै यसबाट आम्दानी हुन थाल्ने बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षत्री बताउँछन् ।
केन्द्र सञ्चालनका लागि नगरपालिकाले तीन बिघा पर्ति जग्गा उपलब्ध गराएको छ । मल बेचेर प्राप्त हुने रकम र फोहर व्यवस्थापनका लागि घरघरै स्थानीय बासिन्दाबाट प्राप्त हुने शुल्क केन्द्रको आम्दानीको आधार हो । हाल नगरका तीन वटा वडा बस्तीबाट फोहर व्यवस्थापनबापत घरघरबाट गरी तीन लाख मासिक आम्दानी भइरहेको केन्द्रले जनाएको छ । अब नगरका १४ वटै वडा बस्तीमा फोहर सङ्कलन कार्य बढाइने साहले बताए । केन्द्र सञ्चालनमा आएपछि अब फोहर कहाँ लाने ? कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता नरहने नगरप्रमुख क्षत्री बताउँछन् । यता केन्द्रले मल बनाउने मेसिनहरू खरिद भइसकेको जनाएको छ । 'मल बनाउने मेसिन खरिद भइसकेको छ, अब ती मेसिन जडान गर्न र सञ्चालन गर्न बढीमा छ महिना लाग्नसक्छ', प्रबन्ध निर्देशक साह भन्छन् । मधेश प्रदेशमै पहिलो सञ्चालन भएको यो केन्द्रमा अहिले फोहर पेलेको हेर्न सर्वसाधारणको धुइरो लागेको छ । यो केन्द्रको सञ्चालनले मधेसमा फोहर व्यवस्थापनमा देखिँदै व्यहोरिँदै आइएको समस्या समाधानमा नयाँ उपलब्धि हासिल भएको यहाँका बुद्धिजीवी बताउँछन् । यो फोहरबाट मोहर बनाउने कार्यको मधेशका अन्य नगरले अनुसरण गर्नसके फोहर व्यवस्थापनमा व्यहोरिँदै आइएको समस्या समाधान हुने बर्दिबास जनता बहुमुखी क्याम्पसका प्राचार्य तेजबहादुर खड्का बताउँछन् ।




# सिमान्तकृत तथा दलित समुदायका लागि संजाल गठन

**मधेशदृष्टि**
**कलैया ।**
बाराको फेटा गाउँपालिका वडा नम्बर १ मा सिमान्तकृत तथा दलित समुदायका लागि संजाल गठन गरीएको छ ।
युएसएडको आर्थिक सहयोगमा द एसिया फाउण्डेशन मुख्य कार्यान्वयन कर्ता रहेको नागरिक समाज र सञ्चार कार्यक्रम अन्र्तगत सखीः महिलाको साथी नामक संस्थाको सहकार्यमा फेटा गाउँपालिका वडा नं. १ मा संचालन भइरहेको स्थानिय शासन प्रणालीमा सिमान्कृत समुदायका लागि सशतिmकरण परियोजना अन्तर्गत फेटा गाउँपालिका वडा नं. १ का ६ वटा बस्तीहरुको सिमान्कृत तथा दलित समुदायका सदस्यहरुको उपस्थितीमा संजाल गठन गरिएको छ । कार्यक्रममा ४२ जनाको सहभागीता रहेका मध्येबाट ३० जनालाई संजालमा आवद्धता गराईएको हो ।
सखी संस्थाका कार्यक्रम संयोजक राजु कुमार साहले नागरिक अधिकार प्राप्तीको लागि दलित, अपाङ्गता भएका व्यतिm, महिला, सिमान्कृत र यौनिक अल्पसख्यक समुदायका सदस्यहरु र अन्य समुदायका सदस्यहरुबीच एकरुपता कायम गरी समबन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने संजाल गठनको उदेश्यसँगै नेपालको शासन प्रणालीमा सुशासनको अवधारण, सुशासन सुदृढीकरणका अधारभुतहरु, सिमान्कृत समुदायको हालको अवस्था, बैठक व्यवस्थापन र संजालका च्याम्पियनहरुले जिम्मेवारी र भुमिकाहरुबारेमा प्रस्तुतीकरणको माध्यमबाट छलफल भएको थियो ।

# वीरगंजमा आशा जगाउँदै आशा किरण केन्द्र



**मधेशदृष्टि**
**वीरगंज ।**
आशा किरण केन्द्रको १० औं बार्षिक उत्सव कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ । कार्यक्रममा वरिष्ठ गायक आनन्द कार्कीले सामाजिक उत्तरदायित्वको पुन्य कार्यमा आफूले पनि सहयोग गर्न पाउँदा खुशी लागेको बताए । कार्यक्रममा आशा किरण केन्द्रमा रहेका विशिष्ट र फरक क्षमता भएका बालबालिकाले आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । सो अवसरमा विभिन्न तवरबाट सहयोग पुर्याउनु हुने व्यक्तिहरुलाई कदर पत्र समेत प्रदान गरिएको थियो । करिब १० बर्ष अघि २ जना बालबालिकाबाट प्रारम्भ भएको केन्द्रमा हाल ४२ जना शारिरीक रुपमा केहि असमक्षमता भएका बालबालिका पठन पाठन र अन्य सीप सिक्ने गर्दछन । केन्द्रको प्रारम्भिक अभियानकर्ता नुतन सरावगीले समाजमा समाजिक उत्तरदायित्वको कार्य गर्न पाउँदा अभिभावकहरु हर्षित हुँदा आफुलाई पनि गर्व महशुस हुने गरेको बताइन् । केन्द्रका अध्यक्ष सुनिल गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा पृथ्वीराज भण्डारी, गणेश लाठ, हरि गौतम, राधेश्याम धिमाल लगायतकाको उपस्थिति रहेको थियो । कार्यक्रमका सहभागिहरुले आशा किरण केन्द्रको यो मानविय कार्यको प्रशंसा समेत गरेका थिए ।

# मुआब्जा विवाद अघि बढ्न सकेन रेल्वे ट्र्याक



**मधेशदृष्टि**
**रौतहट ।**
मुआब्जा विवाद नसुल्झिएका कारण रौतहटको बागमती नदीदेखि पश्चिम धन्सार नदीसम्मको रेलवे ट्र्याक निर्माण अघि बढ्न सकेको छैन । रौतहटको सीमाक्षेत्र भित्र रहेको तीन स्थानको ऐलानी र एक स्थानको निजी जमिनको मुआब्जा विवाद दुई वर्षदेखि कायमै रहँदा मेची–महाकाली विद्युतीय रेल्वे आयोजनाको रेलवे ट्र्याक निर्माण अघि बढ्न नसकेको हो । आयोजनाअन्तर्गत रौतहट खण्डमा ट्र्याक र कल्भर्ट निर्माणको पाँच वटा प्याकेजमा काम भइरहेको छ । सबै प्याकेजको काम २०७८ माघ १४ गते भित्र सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख भए पनि निर्माण कम्पनीले विभिन्न कारण देखाउँदै काम लम्ब्याएका छन् । उक्त कार्यको रोशनकुमार श्रेष्ठ जेभी, सन्तोषी कन्टेक्ट, लुम्बिनी एपेक्स, खानी, हिन्दुङ थोकर र गोल्डेन बिरुवाले निर्माण ठेक्का पाएका छन् । रौतहटमा ८० प्रतिशतभन्दा बढी सम्पन्न भएको उक्त कार्यमध्ये प्याकेज नम्बर १, २ र ४ मा ऐलानी जग्गाको मुआब्जा विवादले गर्दा काम अघि बढ्न नसकेको सर्लाहीमा रहेको आयोजनाको कार्यालय प्रमुख किरण कार्कीले जानकारी दिए । उनका अनुसार लमहा खोला नजिकको करिब एक सय मिटर ऐलानी जग्गाको मुआब्जा माग र सन्तपुर खण्डमा रहेको जमिनका मालिकले मुआब्जा कमी भएका भन्दै गरेको विवादले काम अवरुद्ध भएको हो । यता रेलवेको नाममा सुकुम्बासीको उठिबास हुने भो भन्नुहुँदै चाँदी नदी क्षेत्रका बासिन्दा सरोज चौधरीले लामो समयदेखि भोगचलन गर्दै आएको जमिनको मुआब्जा पाउनु पर्ने जिकिर गरे ।

सम्पादकीय

# जनकपुरले जित्नु नेपाल कै जित हो, क्रिकेट कै जित हो

*नेपाल प्रिमियर लिग (एनपिएल) को ऐतिहासिक उपाधि जनकपुर बोल्ट्ले उचालेको छ। शनिबार भएको फाइनलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले पराजित गर्दै पहिलो संस्करणको एनपिएल उपाधि जितेको हो। यो जित नेपालको जित हो। यो जित एसोशिएट राष्ट्रहरुबीच आफ्नो दरिलो छाप छोडिरहेको नेपाल क्रिकेट जित हो। पक्कै पनि पहिलो संस्करण मै क्रिकेट जगतमा आफ्नो अमेट छाप छोडेको एनपिएलको चर्चा विश्मै चुलिएको छ।*

*तर, यसैबीच त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा प्रतियोगिताको दौरान देखिएको जातीय विभेद र नश्लीय टिप्पणीहरूले क्रिकेट प्रेमीहरुको चिन्ता बढाएको छ। विशेषगरी जनकपुर बोल्ट्सका समर्थकहरू र मधेशी समुदायलाई लक्षित गरी सामाजिक सञ्जालमा भइरहेका टिप्पणीहरूले तनाव सिर्जना गरेको छ। सामाजिक सञ्जालमा समुदायलक्षित टिप्पणीहरूले फाइनल खेलमा समेत सामान्य अप्रिय अवस्था सिर्जना भयो। एक्सन स्पोर्ट्सको युट्युब लाइभमा र टिकटक जस्ता प्लेटफर्ममा मधेशी समुदायलाई होच्याउने खालका कमेन्टहरू प्रशस्त देखिएका छन्।*

*एनपिएलमा नश्लीय घृणा उकेल्नेहरूलाई राज्यले कानुनको दायरामा ल्याउनुपर्ने देखिएको छ, नत्र यसले नेपाली क्रिकेट प्रेमीहरुबीच फाटो ल्याउने पक्का छ। एनपिएलमा ८ टिम सहभागी थिए। टिमका समर्थकहरू मैदानमा खेलाडी र टिमको हौसला बढाउन पुग्थे। जनकपुरका समर्थकहरू पनि मैदानमा पुगेका थिए। तर, जनकपुरका समर्थकहरूले सबै भन्दा बढी विभेदको सामना गरेका छन्। सामाजिक सञ्जालमा मधेशी समुदायलाई लक्षित गरेर नकारात्मक कुराहरू फैलाइएको छ। जनकपुर बोल्ट्स हार्दा होस् वा जित्दा, विपक्षी टिमका समर्थकहरू घृणायुक्त प्रतिकृया व्यक्त गरिरहेको देखिन्छ। एक्सन स्पोर्टसको युट्युबमा लाइभमा तराई–मधेशका नेपालीहरूलाई होच्याउने खालका प्रतिक्रियाहरू प्रशस्तै देख्न सकिन्छ। त्यस्तै टिकटकमा पनि जनकपुर बोल्टस् र विपक्षी टिमका समर्थकहरूबीच झगडा भएका भिडियोहरू प्रशस्तै छन्।*

*लिगमा उदण्ड र अराजक समुहद्वारा जनकपुर बोल्टस् प्रति देखाएका नश्लीय र साम्प्रदायिक तथा रंगीयताका अभद्र रंग कुनैपनि तवरले अग्राह्य रहेको मधेशी आयोगको ठम्याई रहेछ। विभिन्न प्रकारका संचार माध्यमबाट प्रष्टिएकाहरु माथि राज्यका जिम्मेवारीमा बसेका सुरक्षा निकायहरुले कुनैपनि कारबाही नगर्नु अशोभनिय रहेको र जिम्मेवारी बोध नभएको आयोजले जारी गरेको विज्ञप्तीमा उल्लेख गरेको छ।*

*क्रिकेट जस्तो जेन्टलम्यान खेललाई राजनीतिक, जातीय तथा नशलीय रंग दिने केही तुच्छ मानसिकताका व्यक्तिलाई क्रिकेट प्रेमीहरुले कडा टिप्पणी गरेका छन्। नेपालको सात प्रदेश मध्येको एक मधेश प्रदेश र मधेशी समुदायमाथि अभद्र गालीगलोज र जनकपुर बोल्ट्सका समर्थकलाई गरिएको दुव्र्यवहारको पनि सामाजिक सञ्जालमा कडा अलोचना गरिएको छ।*

*देशलाई विश्वमाझ चिनाउन क्रिकेटले पुर्याइ रहेको योगदानमा राजनीति तथा जातीय र क्षेत्रिय विभेद हुनु हुँदैन। क्रिकेटले त विभिन्न राजनीतिक उतार चढाव पछि नेपाली–नेपालीबीच बढेको दूरीलाई नजदिक ल्याउने र एकजुट बनाउन भूमिका खेलेको छ। यसलाई सबै किसिमको विवादबाट टाढा राख्नु मै देशको कल्याण हुन्छ, क्रिकेटको भविष्य उज्ज्वल हुन्छ।*

# बीपीको छायामा निधि



किशोर नेपाल

२०१५ सालको निर्वाचनमा नेपाली कांग्रेसले उल्लेखनीय सफलता प्राप्त ग¥यो। कांग्रेसले देशभरका कुल १०९ निर्वाचन क्षेत्रमध्ये ७४ सिटमा विजय हासिल गरेको थियो। त्यति बेला मधेशका ३५ सिटमध्ये २४ वटामा कांग्रेस विजयी भएको थियो। बीपी कोइराला मोरङबाट विजयी हुनुभएको थियो। सुवर्णशमशेर राणा मधेशका दुई र पहाडको एक गरी तीन क्षेत्रबाट विजयी हुनुभएको थियो। उहाँ मधेशका क्षेत्र नं. ५२ बारा मध्य–उत्तर र क्षेत्र नं. ५३ पर्साबाट विजयी हुनुभएको थियो। महेन्द्रनारायण निधि क्षेत्र नं. ४३ जनकपुरबाट विजयी हुनुभएको थियो।

निर्वाचनमा तराई–मधेशबाट फत्तेबहादुर बुढाथोकी, चैतुलाल चौधरी, ज्ञानचन्द्र सरदार, नागेश्वरप्रसाद सिंह, सूर्यनाथ दास यादव, माधवप्रसाद रेग्मी, रुद्रप्रसाद गिरी र रामनारायण मिश्र विजयी भएका थिए। तराई–मधेशबाट सरोज कोइराला, वेणीमाधव सिंह, भागवत यादव, विश्वबन्धु थापा, पृथ्वीराज कँडेल, शिवप्रसाद शाह, परशुनारायण चौधरी, ललित चन्द, राधाकृष्ण कोठिया र लोकेन्द्रबहादुर शाही निर्वाचित भएका थिए। कांग्रेसका सबै शीर्ष नेताले चुनाव जित्दा पहाडका गोर्खा र रामेछाप चुनाव क्षेत्रबाट उठेका दुई महत्त्वपूर्ण नेता कृष्णप्रसाद भट्टराई र सूर्यप्रसाद उपाध्यायले मात्रै पराजयको सामना गर्नुपरेको थियो।

मधेशमा जन्मिनुभएका, मधेशको माटोमा खेलेर हुर्किनुभएका तथा मधेशमा नै घरेलु विधिले शिक्षा आर्जन गर्नुभएका निधिले सधैँ क्षेत्रीयता र साम्प्रदायिकताभन्दा माथि उठेर राष्ट्रिय दृष्टिकोण बनाउनुभयो। उहाँ सधैँ सर्वसाधारण जनताका नेता बन्नुभयो। संसद्मा निधिले उठाउनुभएका ज्वलन्त प्रश्नहरूमा राष्ट्रिय दृष्टिकोण परिलक्षित हुने गर्दथे। उहाँले संसद्मा भन्नुभएको थियो, 'आजको सरकार समाजवादी सरकार हो। हामीले शोषण खत्तम गर्नु छ। एकैचोटि खत्तम गर्न मुस्किल हुन्छ। बिस्तारै बिस्तारै खत्तम गर्दै लानु छ। त्यही सिद्धान्तको आधारमा चुनावमा नेपाली कांग्रेस विजयी भएको हो। मलाई लाग्छ, किसानको हितमा काम नगर्ने हो भने अर्को चुनावसम्म पनि तिरो उठाउन सकिने छैन। किसानको हितका लागि किसानले कमाइ आएको जग्गा उनीहरूकै नाममा दर्ता हुनुपर्छ।'

२०१० सालमा सम्पन्न कांग्रेसको जनकपुर महाधिवेशनदेखि नेतृत्व पंक्तिमा पुग्नुभएका निधिले त्यसपछिका दिनमा महोत्तरी क्षेत्रमा पार्टीको संगठन विस्तार अभियानलाई तीव्रता दिनुभएको थियो। रुद्रप्रसाद गिरी बीपीको निकट रहेर काठमाडौँको राजनीतिमा रमाउन थालेपछि मिथिला क्षेत्रमा देखा परेको नेतृत्वको अभावलाई निधिले कुशलतापूर्वक पूरा गर्नुभएको थियो। यो समयदेखि उहाँको राजनीतिक प्रभाव हलक्क बढ्न थाल्यो।

मधेश भूमिमा निधिको परिपक्व संगठन कौशल देखेर बीपी निकै प्रभावित हुनुहुन्थ्यो। यही कारण हो, उहाँले २०१५ सालको आमनिर्वाचनमा निर्वाचन क्षेत्र नं. ४३ (अहिलेको मिथिला क्षेत्र) बाट निधिलाई कांग्रेसको उम्मेदवार बनाउनुभएको थियो। बीपीको विश्वासलाई अलिकति पनि तलमाथि हुन नदिई निधिले निर्वाचनमा १० हजार १२० मत प्राप्त गरी विजय हासिल गर्नुभयो।

देशमा पहिलो पटक भएको निर्वाचनमा त्यति धेरै मत पाउनु सानो कुरा थिएन। यसबाट निधिप्रति जनताको कति ठुलो विश्वास थियो भन्ने स्पष्ट हुन्छ। कांग्रेसका लागि त यो ठुलो उपलब्धि थियो। यही मतले एकातिर निधिको राजनीतिक जीवनलाई नयाँ उचाइमा पु¥यायो भने अर्कातिर मिथिलाञ्जलको राजनीतिमा कांग्रेसको संगठन स्थापित भयो।

चुनावमा कांग्रेसले संसद्को दुई तिहाइ सिटमा विजय प्राप्त गरेको थियो। त्यसैअनुरूप बीपी कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार बन्यो। नेपालको पहिलो प्रजातान्त्रिक सरकारको ऐतिहासिक कदम थियो— बिर्ता उन्मूलन। नेपालको भूमि व्यवस्थामा आमूल परिवर्तन ल्याउन यसको आवश्यकता थियो। देश बिर्ता र मौजाहरूमा बाँडिएको थियो। धेरैजसो बिर्ता राजा र राणाहरू, तिनका भारदार र आसेपासेहरूको स्वामित्वमा थियो। सरकारको यस कदमले निकै ठूलो विरोधको सामना गर्नुप¥यो। राजधानी काठमाडौँलाई एक किसिमले नाकाबन्दीजस्तो गरे, बिर्तावालहरूले। काठमाडौँलाई चाहिने अन्न काठमाडौँले नै उत्पादन गरोस् भन्नेसम्मको नारा लागेका थिए, त्यो बेला।

बिर्ता उन्मुलनको विरोधमा उत्रिएका बिर्तावालहरूलाई जवाफ दिँदै सरकारले पालुङमा कृषि योजना लागू ग¥यो। यो योजनाको लक्ष्य काठमाडौँलाई चाहिने अन्न र तरकारी उब्जाउने थियो।

नेपालमा पहिलो जन निर्वाचित सरकार गठनभएदेखि नै प्रतिक्रियावादीहरू सरकारका विरुद्ध षड्यन्त्रमा लागेको आभास निधिलाई भइसकेको थियो। विरोधीहरूले उहाँको बढ्दो लोकप्रियता खस्काउन बीपी मन्त्रिपरिषद्मा सामेल हुनबाट सकेसम्म रोक्न खोजेका थिए। यस्तो राजनीतिक वातावरणमा उहाँलाई उत्प्रेरित गर्नु बीपीको कर्तव्य नै थियो। उल्टै बीपीले त उहाँलाई पन्छाएर आफ्नो मन्त्रीमण्डलमा डा. तुलसी गिरीलाई सामेल गर्नुभयो। यो उहाँको राजनीतिक बाध्यता थियो कि के थियो? अहिलेसम्म खुल्न सकेको छैन।

बीपीको यो निर्णयले निधिलाई आहत तुल्याएको थियो। उहाँले साह्रै चित्त दुखाउनुभएको थियो। तर, बीपीले उहाँको चित्त बुझाउन खासै पहल गर्नुभएन। पछि कांग्रेसले उहाँलाई नवगठित संसद्को उपसभामुख बनाउने निर्णय ग¥यो। गोर्खाबाट निर्वाचन लडेर पराजित हुनुभएका कृष्णप्रसाद भट्टराई संसद्का सभामुख हुनुभएको थियो। उपसभामुख बनाउने पार्टीको निर्णयले निधिलाई त्यति खुसी तुल्याउन सकेन। तर, उहाँ पार्टीका अत्यन्त अनुशासित कार्यकर्ता हुनुहुन्थ्यो। एक अनुशासित कार्यकर्ताको हैसियतले उहाँले यो जिम्मेवारी स्वीकार गर्नुभयो। यसको एउटा मूल कारण थियो–भट्टराई र निधिबीचको प्रगाढ मित्रता।

कांग्रेस वृत्तमा धेरै नेताहरू प्रधानमन्त्री बीपी कोइरालाको यो निर्णय गलत भएको टिप्पणी गर्न थालेका थिए। कहिल्यै जनताको राजनीति नगरेका, र मधेशका जनताले चिन्दै नचिनेका डा. तुलसी गिरी मन्त्री हुने, नेपाली कांग्रेसका लागि अहोरात्र खटेर काम गर्ने निधिजस्ता समर्पित नेतालाई उपसभामुखको जिम्मेवारी दिने ?' पार्टीका धेरै नेताले प्रधानमन्त्रीको यो निर्णय गलत भएको टिप्पणी गरेका थिए। तर, नेताहरू बाहिर जतिसुकै टिप्पणी गरे पनि बीपीका अगाडि केही बोल्न सक्दैनथे।

पार्टीभित्र बीपीसँग असहमत व्यक्तिहरूले आफूप्रति नेतृत्वले गरेको 'अन्यायको विरुद्ध' आवाज उठाउन निधिलाई उक्साउन खोजी रहे। तर, बीपीको नेतृत्वविरुद्ध विद्रोहको विचार उहाँको मनमा कहिल्यै उठेन। तुलसी गिरीलाई आफ्नो मन्त्रीपरिषद्मा सामेल गर्ने बीपीको कदम कुनै दिन उहाँ र पार्टीकै लागि आत्मघाती साबित हुन सक्छ भन्ने निष्कर्ष धेरैले निकालेका थिए। तर, निधिले भने पदभन्दा पनि केन्द्रीय सरकारमा मधेशको वास्तविक प्रतिनिधित्व खोज्नुभएको थियो।

जलेश्वर जेलमा रहँदा मैले निधिसँग निर्दोष भावमा सोधको थिएँ, 'तपाईं मन्त्री नबनेर किन उपसभामुख बन्नुभएको ? मन्त्रीभन्दा उपसभामुख ठूलो पोजिसन हो र ?' उत्तिकै निर्दोष भावमा उहाँले उत्तर दिनुभएको थियो, 'पार्टीको अनुशासित र जिम्मेवार कार्यकर्ताले नेतृत्वको निर्णय मान्नैपर्छ। हो, मलाई पनि मन्त्री बन्ने रहर थियो। मन्त्री बनेर समाजका लागि रचनात्मक काम गर्ने इच्छा थियो। बीपीले मलाई मन्त्री नबनाएर सरोजबाबु (सरोजप्रसाद कोइराला) लाई मन्त्री बनाउनुभएको भए पनि मधेशको प्रतिनिधित्व हुन्थ्यो। म खुसी हुने थिएँ। तर, पार्टीका सर्वोच्च नेतृत्वमा रहनुभएका प्रधानमन्त्रीले नै कुरा नबुझेपछि कार्यकर्ताले के गर्न सक्छ र ?'

पछिल्लो समयका घटनाक्रमहरूको सूक्ष्म अध्ययन गर्ने हो भने त्यही समयदेखि मधेशमा कांग्रेसको विचलन शुरू भएको देखिन्छ। निधिजीलाई कांग्रेसले पहिलो निर्वाचित सरकारमा मन्त्री पद नदिएकोमा मधेशमा कांग्रेसका मतदातामा निराशा छाएको थियो। यो घटनापछि जनताको मनमा कांग्रेस नेतृत्वले मधेशको उपेक्षा गरेको भाव उठेको थियो। निधिजस्तो समर्पित नेताले मन्त्रीपरिषद्मा स्थान नपाउने हो भने अरू कसले पाउने त ? जनता बोल्न थालेका थिए। मधेशमा त्यसै दिनदेखि विद्रोहको भावना उठेको थियो। मधेशको केन्द्रका रूपमा चिनिँदै आएको क्षेत्रबाट निर्वाचित उहाँ र सरोज कोइरालालाई सरकारबाट अलग राखेकामा जनता असन्तुष्ट थिए। त्यतिबेला मधेशमा अहिलेको जस्तो विद्रोह हुने अवस्था थिएन। त्यसैले यो परिस्थिति गुम्सिएरै रह्यो।

निर्दलीय पञ्चायत व्यवस्था सुरु भएपछि राजा महेन्द्रले मधेशका धेरै जमिनदार, कुलीन वर्गका सदस्य, सामन्त र ठूला व्यापारीलाई छानिछानी विभिन्न ओहोदामा सुशोभित गरे। खास गरेर न्याय प्रशासन र अन्य प्रशासनिक क्षेत्रमा मधेशी सामन्तहरूको बाहुल्य रह्यो भन्दा अतिशयोक्ति नहोला। ती सामन्तहरूमा पनि जनतालाई सकेसम्म 'कजाउन' सक्ने व्यक्तिहरूलाई सरकारी सेवामा लिने व्यवस्था गरिएको थियो। पञ्चायत कालमा मधेशमा उठेका विरोधका स्वरहरू दबाइएको थियो। तैपनि, विद्रोहका स्वरहरू सुनिन छाडेका थिएनन्। कांग्रेसका नेता गजेन्द्रनारायण सिंह सुवर्ण शमशेरले लिनुभएको नीतिअन्तर्गत लामो निर्वासनबाट स्वदेश फर्किनुभएपछि राष्ट्रिय पञ्चायत सदस्यको चुनाव लड्नुभयो। त्यतिबेला सिंहमाथि निर्दलीय पञ्चायत व्यवस्थासँग आत्मसमर्पण गरेको आरोप लागेको थियो। तर, उहाँको पछिल्लो कदम मधेश आन्दोलनका लागि ऊर्जा साबित भयो।

उपसभामुख भइसकेपछि निधिले पुतलीसडकमा डेरा लिनुभयो। पुतलीसडक रोडमै डिट्ठा गौरीनारायण गिरीको घर थियो, त्यो घरपछाडि अलिकति उकालोमा बनेको घरमा उहाँ बस्न थाल्नुभयो। डेरा लिइसकेपछि उहाँले परिवारलाई काठमाडौँ बोलाउनुभयो।

नगराइन गाउँबाट भिट्टामोड र भिट्टामोडबाट बसमा सीतामढी, सीतामढीबाट रेलमा रक्सौल, त्यसपछि अमलेखगन्जसम्म नेपाली रेलको यात्रा। निधिको परिवार निकै कठिन र घुमाउरो बाटो अमलेखगन्ज आइपुग्यो। परिवारलाई लिन निधि आफैँ अमलेखगन्ज पुग्नुभएको थियो, काठमाडौँबाट। अमलेखगन्जमा रेल्वे गेस्टहाउसमा बसेर भोलिपल्ट निधि परिवार त्रिभुवन राजपथको बाटो काठमाडौँ आइपुगेको थियो।

डिल्लीबजारमा अहिले कन्या हाइस्कुल भएको ठाउँमा एउटा स्कुल थियो। निधिले माइली र साइँली छोरी तथा नवेन्द्र र बिमलेन्द्र दुवै छोरालाई त्यही स्कुलमा भर्ना गरिदिनुभयो। स्कुलको नाम नारी ज्ञान मन्दिर भए पनि त्यहाँ सहशिक्षा थियो।

उपसभामुख निधिको निजी प्रयोगका लागि राजा महेन्द्रले एउटा कार दिएका थिए भने प्रधानमन्त्री बीपीलाई एउटा जिप। निधि सुनाउनुहुन्थ्यो, 'प्रधानमन्त्री जिप चढ्ने र म कार चढ्ने। यो मलाई सुहाउँदो कुरा लागेन। राजाले मलाई चढ्न दिएको कार मैले प्रधानमन्त्री बीपीलाई दिएँ। अनि म बीपीले पाउनुभएको जिप चढ्न थाले।' त्यसपछिका दिनहरूमा निधिले कांग्रेस सभापति तथा प्रधानमन्त्री बीपीका कतिपय राजनीतिक निर्णय र गतिविधिप्रति आफ्नो प्रत्यक्ष असन्तुष्टि जनाउन थाल्नुभयो। उहाँका यस्ता असन्तुष्टिका कारण दुई नेताबीच अलिकति दूरीको सिर्जना ग¥यो।

राजा महेन्द्र अत्यन्त चतुर थिए। उनले मधेशमा महेन्द्र नारायण निधिको व्यक्तित्वको प्रभाव कति गहिरो छ भन्ने राम्ररी बुझेका थिए। निधिको गतिशील राजनीतिक व्यक्तित्व, तीक्ष्ण बुद्धि र साहसलाई नियाल्दै आएका राजा महेन्द्रको आँखाबाट बीपी र निधिबीच देखिएको असहमति लुकेको थिएन। त्यही सेरोफेरोमा राजा महेन्द्रले निधिको सहयोगबाट आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ भन्ने सोचेका थिए। यसैका लागि उनले एक दिन निधिलाई भेटका लागि राजदरबार बोलाएका थिए। उहाँले राजासँगको भेट सामान्य कुराकानीमा सक्नुभयो। राजा महेन्द्रले निधिको विचारको भेउ नै पाउन सकेनन्।

२०१७ सालमा विवाह पञ्चमीको मेला हेर्न जनकपुर पुगेका राजा महेन्द्रले निधिलाई आफूसँग भेटका लागि समय दिए। उहाँ पनि राजाको निम्तो स्वीकार गरेर भेट्न जानुभयो। भेटघाटमा चतुर राजा महेन्द्रले उहाँलाई आफ्नो पक्षमा तान्ने आशयले भने, 'हामी दुवै जनाको नाम पनि एउटै र काम पनि एउटै। हामी दुवै राजनीतिमार्फत जनताको सेवामा लागेका छौं। त्यसैले आउनुस्, हामी मिलेर देशका लागि काम गरौँ। हाम्रो नाम एउटै भएकाले तपाईँ–हामी मित लगाऔँ।'

प्रजातन्त्र र जनताको राजनीतिप्रति प्रतिबद्ध निधिले राजा महेन्द्रको चलाखीको भेउ पाइसक्नुभएको थियो। उहाँले राजा महेन्द्रको प्रस्तावलाई न स्वीकार गर्नुभयो, न त अस्वीकार। सुनेको नसुन्यै गरेर प्रस्तावलाई त्यत्तिकै टारिदिनुभयो। राजा महेन्द्रलाई लागेको थियो, देशका अरू नेताजस्तै निधिमा पनि सत्ता–भोगको आत्तुरी होला। तर, निधिको हकमा राजा महेन्द्रको मूल्यांकन गलत साबित भयो।

मधेशमा मात्र होइन, पहाड र खोँचहरूमा समेत कांग्रेसका प्रबुद्ध नेताका रूपमा निधिको प्रतिष्ठा स्थापित भइसकेको थियो। उहाँको गुनासो आफ्नै नेता कांग्रेस सभापति तथा प्रधानमन्त्री बीपी कोइरालाको राजनीतिक कार्यशैलीसँग थियो। बीपीसँग उहाँको सम्बन्ध प्रगाढ थियो भने राजासँग शिष्टाचार र भलाकुसारीको सामान्य सम्बन्ध मात्रै। बीपीले निकै पुलपुल्याएर मन्त्रिपरिषद्मा स्थान दिनुभएका डा. तुलसी गिरीको प्रयोग गरेर चलाख राजा महेन्द्रले कुनै न कुनै दिन कांग्रेस र नेपालको प्रजातान्त्रिक शासन व्यवस्थाविरुद्ध प्रतिघातको राजनीति गर्न सक्छन् भन्ने आभास निधिलाई त्यही बेलादेखि हुन थालेको थियो।

राजा महेन्द्रलाई निधिको राजनीतिक कौशलका सम्बन्धमा कुनै शंका थिएन। उनलाई थाह थियो–मधेशको आर्थिक, राजनीतिक र जातीय समीकरणबारे निधिको जति ज्ञान धेरै कम मानिसमा मात्रै छ।

स्वच्छ छवि, सच्चरित्र र मर्यादित जीवन निधिका विशेषता थिए। लोक कल्याणका लागि निरन्तरको राजनीतिक तत्परता, सक्रियता तथा जनतासँगको सोझो सम्बन्ध उहाँको व्यक्तित्वको विशेषता थियो। गान्धीको सत्य र अहिंसाका गुण तथा डा. लोहियाको बौद्धिक चेतनाको समागम हुनुहुन्थ्यो उहाँ। बीपीसँग निकट रहेर राजनीति गर्नुभएका निधिको राजनीतिक व्यक्तित्व निखारिएको थियो। उहाँको व्यक्तित्वमा आएको निखार देखेर लोभिएका राजा महेन्द्र उहाँलाई निर्दलीय पञ्चायत व्यवस्थाको पक्षमा तान्न अति व्यग्र थिए।

महेन्द्रले आफू बाँचुन्जेल त्यसका लागि प्रयास गरिरहे। राजा महेन्द्र २०२४ सालमा पनि जनकपुर आएका थिए, रामस्वरूप रामसागर कलेजको भवन उद्घाटन गर्न। त्यो बेला निधि जनकपुरमा नै हुनुहुन्थ्यो। उद्घाटन कार्यक्रम सकिएपछि राजा महेन्द्रले तुलसी गिरीलाई निधिलाई शिविरमा लिएर आउन हुकुम दिए। निधिको घरमै पुगेर गिरीले उहाँलाई राजा महेन्द्रको अस्थायी मुकाम लिएर गए। सामान्य औपचारिकतापछि राजा निधिका लागि चिया बनाउन आफैँ उठे।

'होइन, म आफै बनाउँछु' निधिले कप आफ्नो हातमा समात्नु भयो।

राजा महेन्द्रले भने, 'चिया म नै राम्रो बनाउँछु। मै बनाएर खुवाउँछु नि !'

राजा किन चिया बनाउन अग्रसर भएका हुन् ? निधिले कुरा बुझिसक्नुभएको थियो।

(पत्रकार नेपालको हालै प्रकाशित कृति 'नेपालका निधि'बाट लिइएको एक अंश।)

## बहसमा बुद्ध सर्किटः लुम्बिनी

# नेपालको समृद्धि र भू–राजनीति



सुदर्शन आचार्य

**बौद्ध दर्शन**

ईस्वी संवत् प्रारम्भ भन्दा ६२३ वर्ष पहिले जन्मिएका सिद्धार्थ गौतमले २९ वर्षे कलिलो उमेरमै 'राजपाठ' त्याग गरी 'अलौकिक बालक'का रुपमा आफूलाई विश्वमै स्थापित गरे। अलौकिक बालक स्थापित गर्ने विषय त्यो कालखण्डमा चानचुने विषय थिएन। करुणा, ज्ञान, स्नेह, अहिंसा, दया, क्षमा र सत्यको मार्गको खोजीका निम्ति 'राजपाठ' त्याग गरी निस्किएको बालकले त्यो खोजीका निम्ति कठोर तपस्या र त्यस बखतको दुनियाँको आलोचना खेपेरै 'बुद्धत्व' प्राप्त गरी राजपाठ किन त्यागेको भनेर आलोचना गर्नेहरुका लागि गतिलो जवाफ दिए। जसका कारण तिनै सिद्धार्थ गौतमले स्थापित गरेको 'अहिंसा र सत्य'को मार्ग नै आज विश्वमा 'बौद्ध दर्शन'का रुपमा स्थापित बन्न पुग्यो।

संसारभर पछिल्लो समय 'बौद्ध दर्शन'को महत्व तीव्र गतिमा बढ्दै गएको छ। मानिसमा 'भव, विभव र काम' गरी तीन प्रकारका 'तृष्णा'का कारण दुःख उत्पन्न हुने भएकाले त्यसको 'निरोध'का लागि 'शक्ति आर्जन' गर्नु नै बुद्ध धर्म अर्थात बौद्ध दर्शनको सार मान्ने गरिन्छ। बौद्ध दर्शनका अनुसार बुद्धले आफ्नो उपदेशमा 'चार आर्य सत्य'का बारे चर्चा गरेको पाइन्छ। त्यो मध्य पहिलो संसार दुःखमय छ, दोस्रो समुदाय, तेस्रो दुःख निरोध गर्दा दुःखको अन्त्य अवश्यम्भावी छ र चौथो दुःखको नाश गर्ने मार्ग। जसका बारे बुद्धले विस्तृत व्याख्या गर्दै भनेका छन्– मानिसमा उत्पन्न दुःख नाश गर्ने अष्टाङगिक मार्ग भनेको सम्यक संकल्प, सम्यक दृष्टि, सम्यक कर्मान्त, सम्यक वचन, सम्यक व्यायाम, सम्यक आजीविका, सम्यक स्मृति र सम्यक समाधि नै हो। जुन मार्गलाई प्रज्ञा, शिल र समाधि गरी तीन वटा वर्गमा विभाजन समेत गरिएको छ। बौद्ध दर्शनका शिखर व्यक्तित्व तिनै गौतम बुद्ध जन्मिएको लुम्बिनीका बारे केही चर्चा गरौं।

**लुम्बिनीको महत्व**

सम्राट अशोकले ईसा पूर्व २४९ मा गरेको 'तीर्थ यात्रा' र उनैले खडा गरेको 'अशोक स्तम्भ'कै कारण आजको लुम्बिनी अस्तित्वमा देखाप¥यो। बुद्धको जन्मभूमि लुम्बिनी, ज्ञान प्राप्ति बोधगया, धर्मचक्र प्रवर्तन सारनाथ र महापरिनिर्माण कुसीनगरलाई पवित्र तीर्थस्थलका रुपमा लिने गरिन्छ। यीमध्ये विशेषगरी संयुक्त राष्ट्रसंघले बैशाख पूर्णिमालाई 'लुम्बिनी डे'का रुपमा समेत मनाउँदै आएकाले यी स्थानमध्ये आस्थाका हिसाबले 'लुम्बिनी' उपल्लो स्थानमा छ भनेर बुझ्न कठिन छैन, तर राजनीतिक अस्थिरताका कारण लुम्बिनीको विकासको लागि तयार गरिएको 'गुरुयोजना'ले मूर्तरुप पाउन नसक्दा विश्वमै नेपालले सकारात्मक सन्देश प्रभाव गर्न सकेको छैन। १५ वर्षमा सम्पन्न गर्नेगरी तयार गरिएको 'लुम्बिनी गुरुयोजना' निर्माणको समयावधि चार दशक नाघिसक्दा पनि शत प्रतिशत काम सम्पन्न हुन नसक्नुको पछाडि 'राजनीतिक नेतृत्वको जति आलोचना गरे पनि' कमै हुन्छ।राजनीतिक नेतृत्वको इच्छाशक्तिको कमी र नेपालमा हरेक ठाउँमा हुने 'चरम राजनीतीकरण'का कारण करिब दुई वर्ष अगाडिसम्म 'लुम्बिनीको टेरिटोरी' भर्खरै युद्ध सकिएको भूमि जस्तै थियो। यहीबीच लुम्बिनी विकास कोषको उपाध्यक्ष नियुक्त हुँदा विवादको घेरामा परेका डा.खेन्पो छिमे छिरिङ (ल्हारक्याल लामा)ले आफ्नो नियुक्तिको करिब १४ महिने कालखण्डमा लुम्बिनीको स्वरुपमै परिवर्तन ल्याइदिएका छन्। संरचनागत निर्माणले तीव्रता पाएको लुम्बिनीको 'गुरुयोजना'अनुसार काम सम्पन्न हुन २५ प्रतिशतमात्र काम गर्न बाँकी रहेको बताउँछन् उपाध्यक्ष लामा।

उपाध्यक्ष लामा भन्छन्– मैले ७५ प्रतिशत काम सम्पन्न गरिसकेको छु, अब करिब दश अर्ब राज्यबाट प्राप्त हुने हो भने आगामी २ वर्षमा म र मेरो कोषको टीमले लुम्बिनीलाई 'आध्यात्मिक, शान्ति र पर्यटकीय विकासको विश्वकै गन्तव्य'को नमुना क्षेत्र बनाएर देखाइदिने छौं। जसका लागि सरकारले कम्तीमा दुई आर्थिक वर्ष लुम्बिनीलाई प्राथमिकतामा राखिदिन प¥यो। लुम्बिनी क्षेत्रभित्र समेटिएका लुम्बिनीबाहेक पनि तिलौराकोट, रामग्राम, तौलिहवा, देवदहलगायत १६० भन्दा ज्यादा बुद्धको जीवनीसँग जोडिएका ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय गन्तव्यहरु छन्। जसको संरक्षणका निम्ति राज्यको सहयोग अपरिहार्य छ।

**शाक्यमोन्लम पूजा**

विश्व शान्तिका अलावा प्राणी कल्याणका लागि लुम्बिनीमा ३३औं 'शाक्यमोन्लम पूजा' हालै सम्पन्न भएको छ। करिब ७ हजार भिक्षु तथा बौद्ध धर्मका अनुयायी जुटेर सम्पन्न भएको पूजाको पनि आफ्नै कहानी छ। उक्त पूजाले लुम्बिनीमा २५ वर्ष निरन्तरता पाएको थियो, तर त्यसपश्चात 'भू–राजनीतिक खेल'कै कारण ८ वर्ष पूजा रोकिन पुग्यो। पूजा यस पटकबाट पुनः प्रारम्भ गरिएको हो। कोष तथा कोषका उपाध्यक्ष ल्हारक्याल लामाकै पहलमा ४१औं शाक्य गोङमा ट्रिछेन रिम्पोछेको उपस्थितिमा भव्यताका साथ पूजा सम्पन्न भएको कोषका बोर्ड सदस्य श्याम रोक्काले यस पंक्तिकारलाई बताए। महायान सम्प्रदायमा निङमा, काग्र्यु, शाक्य र घेलुप सम्प्रदाय रहेका छन्। जसमध्ये काग्र्यु र घेलुप सम्प्रदायले आफ्नो पूजा 'बुद्ध गया'मा तथा निङमा सम्प्रदायले बौद्ध र शाक्य सम्प्रदायले नेपालको लुम्बिनीमा 'विश्व शान्ति पूजा' गर्दै आएका थिए। २५ वर्षदेखि गरिँदै आएको पूजा रोकिएर २५औंदेखि ३२औंसम्म पूजा भारतको बुद्धगयामा गरिएको थियो। उक्त पूजा 'भू–राजनीतिक' हिसाबले नेपालमा रोकिँदा नेपालका बुद्ध धर्मका अनुयायी एक प्रकारले दुःखी भएकै समय कोष तथा कोषका उपाध्यक्ष लामाले ३३ औं पूजा नेपालमै आयोजना गरेर धार्मिक सन्देशमात्र दिएनन्, लुम्बिनीको अर्थतन्त्रलाई चलायमानसमेत गराए।

**बौद्ध सर्किटको आवश्यकता**

लुम्बिनीको भूभाग तीन वटा जिल्लामा फैलिएको भए पनि आध्यात्मिक तथा पर्यटकीय दृष्टिले लुम्बिनी विश्वकै युनेस्कोद्वारा प्रमाणित गन्तव्य हो। लुम्बिनीलाई केन्द्र भागमा राखेर 'बुद्धिस्ट तथा ननबुद्धिस्ट' समेतको उपस्थितिमा बृहत सम्मेलन आयोजना गरी बुद्ध र नेपालकै शान्तिको सन्देश विश्वमा पु¥याउन सकिन्छ। त्यसैका निम्ति जुटिरहेको बताउँछन् कोषका उपाध्यक्ष लामा। हुन पनि बुद्धको जीवनीसँग साक्षात्कार गरिरहेका ठाउँमध्ये नेपालको लुम्बिनीलाई केन्द्र भागमा राखेर भारत, तिब्बत, कोरिया, जापान, भुटान, म्यानमार, श्रीलंका, थाइल्यान्ड आदि क्षेत्रलाई समेटेर एउटा 'सर्किट' निर्माण गर्न सकिन्छ। जसका माध्यमबाट विश्वलाई नै 'शान्तिको सन्देश' प्रवाह सहज हुनेछ।

नेपालको समृद्धिमा लुम्बिनीले बृहत्तर भूमिका निर्वाह गर्नसक्छ। बौद्ध सर्किट निर्माणसँगै लुम्बिनीको विकास कोष, परराष्ट्र मन्त्रालय, नेपालबाट प्रतिनिधित्व गर्ने राजदूत, कन्सुलर शाखा आदिका माध्यमबाट विश्वभर रहेका एक अर्ब ३० करोड बुद्ध धर्मका अनुयायीसँगै अन्य धर्मावलम्बीसामु लुम्बिनीको सन्देश प्रवाह गर्न सक्दा नेपालको समृद्धिमा उल्लेख्य योगदान पुग्नसक्छ। नेपालले लुम्बिनी, सगरमाथा जस्ता विश्वमै चर्चित चिज प्राप्त गरेर पनि विश्व समुदायसामु आवश्यक 'मार्केटिङ' गर्नैसकेन।

लुम्बिनी र आसपासका ऐतिहासिक स्थलको खोज, लुम्बिनी गुरुयोजना तत्काल सम्पन्न र लुम्बिनी जस्ता ऐतिहासिक क्षेत्रलाई 'राजनीतिक हस्तक्षेप' मुक्त राख्न सक्दा समृद्धिका हिसाबले नेपालको मुहार परिवर्तन हुन समय लाग्ने छैन। त्यसका लागि कम्तीमा कोषलाई निर्वाध साधन र स्रोतसहित काम गर्न दिएर परिणामको अपेक्षा राखिनु पर्दछ। जसले 'गुरुयोजना' सम्पन्न गरी 'बौद्ध सर्किट' निर्माण गर्दै विश्वमै 'बौद्ध दर्शन'को प्रचारात्मक अभियानलाई तीव्रता दिएर नेपालको समृद्धिमा समेत योगदान पु¥याउन सक्नेछ। नेपाल प्रेस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘आन्तरिक पर्यटनमा जोड दिन आवश्यक’

**काभ्रेपलाञ्चोक ।**
संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटकीय गतिविधि थप चलायमान बनाउनका लागि आन्तरिक पर्यटनलाई बढावा दिनुपर्नेमा जोड दिएका छन् ।
शनिबार काभ्रेपलान्चोकको पनौतीमा सप्तलाल तथा श्रीराम स्मृति प्रतिष्ठानद्वारा आयोजित पुस्तक लोकार्पण एवं सम्मान कार्यक्रममा उनले भने, ‘आन्तरिक पर्यटन जति धेरै चलायमान हुन्छ, त्यति पर्यटकीय महत्त्व बढ्छ, त्यसैले हामीले आन्तरिक पर्यटनलाई पनि जोड दिनु आवश्यक छ ।’
उनले छिमेकी देश समृद्ध हुँदा पनि त्यसको फाइदा नेपालको पर्यटन क्षेत्रलाई हुने धारणा राखे । ‘छिमेकी मुलुक भारत र चीनलगायतका देश समृद्धिको दिशामा अगाडि बढेका छन्, यो हाम्रो लागि पनि राम्रो विषय हो’, उनले भने । विभिन्न जाति, चाडपर्व, भेसभुसा, खानपानका हिसाबले विविधतापूर्ण नेपालमा पर्यटन नै विदेशी पर्यटक आकर्षित गर्ने प्रमुख माध्यम भएको उनको भनाइ थियो । उनले विश्व सम्पदामा सूचीकृतका पहल गरिरहेको ऐतिहासिक एवं पुरातात्विक नगर पनौतीलाई सूचीकृत योग्य बनाउन मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाए ।
त्यस अवसरमा मन्त्री पाण्डेले पनौतीका साहित्यकार सूर्यप्रसाद लाकोजूद्वारा लिखित ‘पनौतीका जात्रा पर्वहरु–३’ नामक पुस्तकको लोकार्पण गरे । साथै स्थानीय प्रेमबहादुर महाजू, महेश कर्माचार्य र इन्द्रकुमारी खड्कालाई मन्त्री पाण्डेले ‘प्रजातान्त्रिक योद्धा’का रूपमा सम्मान गरे ।
शनिबारै मन्त्री पाण्डे काभ्रेली महिला सक्रिय समाजद्वारा आयोजित तीन सय हप्तामा प्रवेश पनौती त्रिवेणी सरसफाइ नागरिक अभियानमा सहभागी भएका थिए । रासस

# हाम्रा स्रोतसाधन र जनशक्ति स्वदेशमै प्रयोग गरौँः अध्यक्ष दाहाल

**काठमाडौँ ।**
राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले मातृभूमिप्रति गौरव गर्दै देश विकासको अभियानमा जुट्न युवा पुस्तालाई आह्वान गरेका छन् ।
रैथाने एग्री प्रोडक्स नेपालद्वारा शनिबार दरबारमार्गमा सञ्चालित रैथाने उत्पादन हाटबजार मेलाको अवलोकनपछि अध्यक्ष दाहालले नेपालमा स्रोतसाधन र जनशक्ति पर्याप्त भएकाले यसको अधिकतम प्रयोग हुन आवश्यक रहेको बताए । अध्यक्ष दाहालले भने, ’मानव चोलाको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको श्रम हो, नेपालमा पर्याप्त स्रोतसाधन र जनशक्ति छ, यो मूल्यवान् जनशक्ति श्रमका लागि विदेश गइरहेको अवस्था छ, उनीहरूलाई कसरी स्वदेशमै रोक्ने भन्ने अहिलेको चुनौती हो । यसमा सोच्नुपर्छ ।’
ठूलो संख्यामा युवा विदेश जाने क्रमसँगै



आफ्नो थातथैँलो बाँझिँदै गएपछि अत्यावश्यक खाद्यन्नमा अन्य मुलुकसँग आश्रित हुन परेको यथार्थ सुनाउँदै दाहालले प्रांगारिक उत्पादनलाई बेवास्ता गरिँदा आयातित वस्तु उपभोग गर्न बाध्य हुनुपरेको धारणा राखेका थिए ।
रैथाने एग्री प्रोडक्ट नेपालका अध्यक्ष तिलक ढकालले नेपाली खाद्यान्नको विविधता जोगाउन तथा दैनिक उपभोग्यवस्तुमा आत्मनिर्भर हुने प्रेरणा प्रदान गर्न दरबारमार्गमा शनिबारे हाटबजार सञ्चालन गर्दै आएको बताए ।
हाटबजारमा आउने खाद्यन्नलगायत उपभोग्यवस्तु विषादीरहित, स्वच्छ वातावरणमा उत्पादन भएकाले मानव शरीरका लागि स्वास्थ्यकर रहेको उनको भनाइ छ । उक्त संस्थाले विसं २०८० साउन १ गतेदेखि प्रत्येक शनिबार बिहान ७ देखि १२ बजेसम्म हाटबजार सञ्चालन गर्दैआएको छ ।
हाटबजारमा मार्सी धानको चामल, मकै, चिनो, कागुनो, भटमास, कोदो, जौ, जुनेलो, लट्टे, फापर, किबी, कुभिण्डो, सिस्नो, फर्सी, चिया, मह, दुग्धजन्य पदार्थ तथा टोपी र गलबन्दीजस्ता ५० भन्दा बढी जिल्लाका रैथाने उत्पादन बिक्रीका लागि ल्याइने गरेका छन् ।
हाटबजारमा दैनिक करिब सात सय जना उपभोक्ताले अवलोकन गरी आवश्यक सामाग्री खरिद गर्ने तथा उपभोक्ता र उत्पादनकर्ताबीच अनुभव साटासाट गर्ने कार्यसमेत हुँदै आएको अध्यक्ष ढकालले जानकारी दिए । रासस

# ध्यान योगलाई विद्यालयस्तरसम्म जोड्नुपर्छ

**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ध्यान योगलाई विद्यालयस्तरसम्म जोड्नुपर्ने बताएका छन् ।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगर र जीवन विज्ञान परिषद् कोशीद्वारा शनिबार यहाँ आयोजित विश्व ध्यान दिवससम्बन्धी कार्यक्रममा उनले विद्यालयका बालबालिका एवं शिक्षकहरूलाई दैनिक ध्यान योगमा जोड्न सके स्वस्थ्य हुनुका साथै अनुशासन कायम गरी समाजलाई सही दिशातर्फ अगाडि बढाउन सहयोग पुग्ने विचार व्यक्त गरे ।
मुख्यमन्त्री कार्कीले ध्यान दिवसलाई जनजनमा पुर्याउन सरकारले आवश्यक सहयोग गर्ने बताए ।
उनले प्रदेश सरकारले विसं २०८२ लाई पर्यटन वर्ष घोषणा गरेको उपलक्ष्यमा यही महिनाभित्र पर्यटन मन्त्रालयद्वारा प्रदेशका सचिव, कर्मचारीसहित एकदिने ध्यान शिविर आयोजना गर्ने जानकारी दिए ।
शिविरकी मोरङ सहसंयोजक रिता बराल कार्कीले ध्यान मानव जीवनमा यसको महत्वबारे चर्चा गरेका थिए भने मोरङ सयोजक चन्द्र च्याम्जुङले शिविर सञ्चालन गरेका थिए । रासस

# योग र ध्यानलाई जीवन पद्धतिका रुपमा अपनाउनुपर्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले युद्ध र अशान्तिबाट त्रस्त विश्वलाई शान्तिमय बनाउन योग र ध्यानलाई जीवन पद्धतिका रुपमा अपनाउनुपर्ने बताएका छन् । विश्व ध्यान दिवस, २०८१ का अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा शनिबार सैनिक मञ्च–टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हतियारको बदला हतियारकै प्रयोगबाट विश्वमा शान्ति कायम नहुने भएकाले सकारात्मक चिन्तनका साथ ध्यान र योगलाई अपनाउन आग्रह गरेका हुन् ।
प्रधानमन्त्री ओलीले सभ्य संस्कृति र सकारात्मक चिन्तनका साथ शारीरिक र मानसिक ध्यानलाई नियमित रुपमा गर्नुपर्ने र यसप्रकारको ज्ञानलाई विद्यालय र नयाँ पुस्तासम्म हस्तान्तरण गर्नुपर्ने बताए । ध्यान प्राकृतिक ढङ्गले सचेत मानव जातिले प्रयोग गरेको र सभ्यताको मुहान भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले मुलुकलाई निरोगी नेपाल बनाउने सरकारको सङ्कल्प पूरा गर्न पनि ध्यान र योगलाई नियमितता दिन आवश्यक भएको बताए । ’नियमित सही आहारविहार गरेर हामीले आरोग्य जीवन बिताउनुपर्छ । सकभर बिरामी परेर उपचारका लागि अस्पताल जानु नपरोस् भन्ने सोच राख्नुपर्छ । स्वस्थ्य र शान्तिमय विश्व निर्माणमा हामी सबै लाग्नुपर्नेछ,’ उनले भने, ’सरकारका तर्फबाट ध्यान र योगका लागि गर्नुपर्ने काममा मेरो ध्यान पुगेको छ । स्वार्थीपन त्यागेर एकाग्रतामा ध्यान गर्नु हरेक समस्याको समाधानको उपाय पनि हो ।’
त्यसअवसरमा स्वामी आनन्द अरुण, सन्तोष केडिया र एलपी भानु शर्माले ध्यानका विभिन्न अभ्यास गराएका थिए । रासस

# जर्मनीका लागि नेपाली राजदूतरा ओहोदाको प्रमाणपत्र पेस

**काठमाडौँ ।**
संघीय गणतन्त्र जर्मनीका लागि नेपाली आवासीय राजदूत डा. शैल रूपाखेतीले जर्मनीका राष्ट्रपति फ्र्याङ्क वाल्टर स्टेनमायरसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेस गरेका छन् । राष्ट्रपति भवनमा गत बुधबार आयोजित समारोहमा उनले आफ्नो ओहोदाको प्रमाणपत्र पेस गरेको जर्मनीको बर्लिनस्थित नेपाली राजदूतावासले जनाएको छ ।
प्रमाणपत्र पेस गरेपश्चात राष्ट्रपतिसँग भएको छोटो भेटघाट र कुराकानीकाक्रममा राजदूत डा. रूपाखेतीले नेपालको वर्तमान राजनीतिक घटनाक्रम, भूराजनीति र नेपालको वर्तमान प्राथमिकताबारे जानकारी गराएका थिए ।
त्यस अवसरमा जर्मनीका राष्ट्रपति स्टेनमायरले नेपालका राष्ट्रपति रामचन्द्र पौडेलको जर्मनीमा यसैवर्ष भएको भेटको सन्दर्भ र दुई देशबीचको वर्तमान सम्बन्धबारे चर्चा गरेका थिए । सो समारोहमा जर्मनीका उच्च पदस्थ अधिकारीहरू र नेपाली राजदूतावास बर्लिनका अधिकारीको पनि उपस्थिति रहेको थियो । रासस

# पर्यटन प्रवर्द्धनका लागि लुम्बिनी सर्किटको विकासः मुख्यमन्त्री आचार्य

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पर्यटन क्षेत्रको विकासको लागि बौद्ध र लुम्बिनी सर्किटको विकास गरिने बताएका छन् ।
रुपन्देहीको देवदहमा गौतमबुद्ध राष्ट्रिय उद्यान महोत्सवको शनिबार उद्घाटन गर्दै उनले रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीलाई बौद्ध सर्किट र प्रदेशका १२ जिल्लालाई लुम्बिनी सर्किटमा जोड्ने गरी सरकारले अवधारणा अघि सारेको बताएका हुन् ।
मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले बौद्ध सर्किटको गुरुयोजना बनाएर तिलौराकोटदेखि नवलपरासीको रामग्रामसम्मका सम्पदालाई जोड्ने गरी पर्यटन पूर्वाधार निर्माण गर्ने बताए ।
‘लुम्बिनी आउने पर्यटकलाई एक अर्कासँग जोड्ने गरी यो अवधारणा अघि सारेका हौँ । बृहत् रूपमा लुम्बिनी सर्किटको अवधारणा अगाडि सारेका छौँ’, उनले भने ।
आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेगरी पर्यटकीयस्थललाई नवीनतम रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री आचार्यको भनाइ छ ।
उद्यानमा सिमेन्टबाट बन्ने संरचनालाई निरुत्साहित गर्दै स्थानीय काठ तथा सामाग्रीको प्रयोग गरेर कलात्मक आकृति तथा पर्यटन पूर्वाधार निर्माण गरिनुपर्नेमा उनले जोड दिए ।
मुख्यमन्त्री आचार्यले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माणदेखि विभिन्न कार्यक्रम तर्जुमा गरेर कार्यान्वयनमा लगिएको बताए ।
बर्दियामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न ‘घुम्न जाउँ बर्दिया’ अभियान सञ्चालन गरेको बताउँदै उनले अब देवदहमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्रचारप्रसार अभियानलाई तीव्र पार्न आह्वान गरे ।
बुद्ध सामुदायिक वन उपभोक्ता समूहले वन, वातावरण तथा जैविक विविधता संरक्षणका साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठबाट विभिन्न आकृति निर्माण गरेर प्रदर्शनीमा राखेको छ ।
४९ हजार सात सय ५२ हेक्टर क्षेत्रफलमा फैलिएको सामुदायिक वन विसं २०५६ मा स्थापना भएको थियो । रासस

# पार्टीमा सबैलाई समान व्यवहार हुनुपर्ने

**धनगढी ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीका सबै नेता तथा कार्यकर्तालाई समान व्यवहार हुनुपर्नेमा जोड दिएका छन् ।
नेपाली कांग्रेसको भ्रातृसंस्था नेपाल प्रजातन्त्र सेनानी सङ्घको शनिबार धनगढीमा आयोजित प्रथम अधिवेशनमा उनले पार्टीमा कसैलाई काखा र कसैलाई पाखा नगरी सबैलाई न्यायपूर्ण व्यवहार गपर्ने बताए । पार्टीका धेरै नेता कार्यकर्ताले आफूहरुले न्याय नपाएको गुनासो गरेका बताए ।
नेता कोइरालाले भने,‘पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्नुपर्छ ।’ त्यस अवसरमा कांग्रेसका नेता डा. सुनिल शर्मा, सञ्जयकुमार गौतम, हृदयराम थानी, डा. गोविन्द पोखरेल, नेपाल प्रजातन्त्र सेनानी सङ्घका केन्द्रीय अध्यक्ष बालकृष्ण दाहालगायत वक्ताले पार्टी सङ्गठन विस्तार एवं एकतामा जोड दिएका थिए । रासस

# स्थानीय तहलाई विपद्सम्बन्धी न्यूनतम मापदण्ड अनुसार सक्षम बनाइने

**काठमाडौं ।**
सरकारले हरेक पालिकालाई विपद् जोखिम न्यूनीकरणका हिसाबले व्यवस्थित र सक्षम बनाउने भएको छ ।
गृह मन्त्रालय मातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले त्यस्ता स्थानीय तहलाई विपद् उद्धारमा सक्षम बनाउन आवश्यक सामग्री उपलब्ध गराइ सहयोग गर्ने प्राधिकरणका सहसचिव डा भीष्मकुमार भुसाल बताए ।
उनले विपद् व्यवस्थापनका दृष्टिले पालिकामा न्यूनतम मापदण्ड पु¥याउने गरी आवश्यक तयारी थालिएको जानकारी दिए । ‘कतै सामानहरू अपर्याप्त त कतै सामान धेरै थुप्रिएको पाइयो, अब सबै क्षेत्रको तथ्यांक लिएर न्यूनतम मापदण्ड नपुगेका पालिकाहरूमा विपद् व्यवस्थापनसम्बन्धीका सामान पु¥याउने तयारी थालेका छौँ’, डा. भुसालले भने ।
प्राधिकरणको नेतृत्वमा हालै पश्चिम नेपालमा गरिएको एक अध्ययनले स्थानीय तहमा विपद् व्यवस्थापन कार्य संस्थागत हुन नसकको औँल्याएको थियो ।
त्यसलाई सम्बोधन गर्न प्राधिकरणले तयारी थालेको हो ।
कम्तीमा विपद् उद्धारका न्यूनतम सामग्री टेन्ट, त्रिपाल तथा आवश्यक खाद्यान्न, सुरक्षित स्थान, ‘रेष्पोन्स टिम’लगायत व्यवस्था हुनुपर्ने हुन्छ ।उक्त प्रतिवेदनले स्थानीय तहलाई विपद् व्यवस्थापनमा थप प्रभावकारी बनाउन स्रोतसाधन, दक्ष जनशक्ति बढाउनुपर्ने आवश्यकता औँल्याएको छ ।
आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य लेखाजोखा अध्ययनमा विपद् व्यवस्थापन कति संस्थागत भएको छ कि छैन भनेर हेरिएको थियो। यसले स्थानीय तहमा विपद् व्यवस्थापन संस्थागत हुन नसकेको, केही स्थानीय तहबाहेक धेरै विपद्को मापदण्डभन्दा तल रहेको पाइएको प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव रामबन्धु सुवेदीले बताए ।
उनले ठूलो विपद् भएको अवस्थामा स्थानीय तहले ‘रेस्पोन्स’ गर्न नसक्ने अवस्था देखिएको जानकारी दिँदै सबै हिसाबले क्षमता विकास गर्न आवश्यक देखिएको बताए । कम्तीमा पालिकालाई विपद् व्यवस्थापनका हिसाबले न्यूनतम मापदण्डमा पु-याउने र विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सक्षम बनाउन जरुरी रहेको प्राधिकरणको निष्कर्ष छ ।
यसैगरी अध्ययनले विपद् व्यवस्थापन कोषको रकम प्रशासनिकलगायत काममा बढी खर्च हुने गरेको र प्रतिकार्यका लागि उपकरण र दक्ष जनशक्तिको अभाव रहेको देखाएको छ ।
प्राधिकरणको नेतृत्वमा विभिन्न सहयोगी संघसंस्थाको सहभागितामा भूकम्पको पूर्वतयारी, प्रतिकार्य र सिकाइको विषयमा केन्द्रित भएर उक्त अध्ययन गरिएको थियो। सुदुरपपश्चिमको डोटी, बझाङ, बाजुरा, रुकुम पश्चिम र जाजरकोट गरी पाँच जिल्लाका २८ वटा पालिकामा अध्ययन गरिएको प्राधिकरणले जनाएको छ । रासस

# उपप्रधानमन्त्री सिंहले थाहा नगरमा गरे यस्तो दाबी !

**मकवानपुर ।**
नेपाल सरकारका उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले जनताको अवस्थामा सुधार ल्याउन सरकारले काम गरिरहेको दाबी गरेका छन् ।
कांग्रेस थाहा नगर कार्यसमितिले शनिबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले राजनीतिक स्थीरताको जगमा विकास निर्माण र आर्थिक समृद्धिकामार्फत जनताको अवस्था सुधार्न सरकारले काम गरिरहेको बताएका हुन् ।
राजनीतिक स्थीरता र स्थायीत्वका लागि अहिलेको सरकार बनेको र सरकारले नागरिकलाई केन्द्रमा राखेर काम गरिरहेको उनको भनाई छ ।
त्यसअघि चन्द्रागिरी चित्लाङ मार्ग (गणेशमान मार्ग)को अवलोकन गर्दै उनले सडक निर्माण कार्य शुरू भएको लामो समयसम्म पनि सम्पन्न नभएको भन्दै चन्द्रागिरी चित्लाङ सडक निर्माण कार्य छिट्टै सम्पन्न गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।
’यो राजधानीसँग जोड्ने सबभन्दा छोटो मार्ग मात्र होइन् । प्रदेशको राजधानी बागमतीलाई संघीय राजधानीसङ्ग मार्ग पनि भएकाले यसको अर्थ बेग्लै छ । यसलाई समयमै निर्माण सप्पन्न गर्नुपर्छ,’ उनले भने ।
कार्यक्रममा कांग्रेस बागमति प्रदेश सभापति समेत रहेकाप्रदेश सांसद इन्द्रबहादुर बानियाँले मकवानपुरका जनताको अवस्था सुधार्न र मकवानपुरलाई विकासको गतिमा अघि बढाउनका लागि कुनै कसर बाँकी नराख्ने बताए ।

# झापा कपः एनआरटी फाइनलमा

**झापा ।**
बिर्तामोडस्थित डोमालाल रंगशालामा जारी झापा कपको आजको खेलमा न्युरोड टिम (एनआरटी) क्लबले इटहरीको राष्ट्रिय जागृति क्लबलाई 'टाइब्रेकर'मा ३–० गोल अन्तरले हराउँदै फाइनल प्रवेश गरेको छ । शनिबारको यो जितसँगै एनआरटीले लिग विजेता चर्च ब्वाइज युनाइटेडसँगको भेट पक्का गरेको छ ।

खेलको निर्धारित समयसम्म कुनै पक्षले गोल नगरेपछि खेलको निर्णय टाइब्रेकरबाट भएको हो ।

टाइब्रेकरमा एनआरटीका एञ्जल महर्जन, कृतिश छुञ्चु र अभिषेक लिम्बूले गोल गरेका हुन् । जागृतिका कप्तान प्रवेश दनुवार र सविन चिमिरेको प्रहार गोलरक्षक विशाल सुनारले विफल बनाएका थिए ।

खेलको 'प्लेयर अफ दी म्याच' विजेता टिम एनआरटीका गोलरक्षक सुनार भएका थिए ।उनले नगद १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा नेपाल र भारतका १० टोलीको सहभागिता रहेको थियो । आयोजक झापा–११ सहित भारतको जिटिएए दार्जिलिङ, गोर्खा ब्वाइज रुपन्देही, एलएफ्स सिटी मोरङ, राष्ट्रिय जागृति क्लब इटहरी, सलहेश युथ क्लब सिरहा, त्रिभुवन आर्मी फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, एनआरटी क्लब काठमाडौं र चिल्लाङ एफसी काठमाडौं सहभागी भएका थिए ।रासस

# हेटौंडा उपमहानगरपालिकाको चालु बजेट वृद्धि

**मकवानपुर ।**
हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ का लागि करिब २० करोड रुपैयाँ बजेट वृद्धि गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाको नगरसभाको १६ औँ अधिवेशनको बैठकले चालु आव २०८१/८२ का लागि विनियोजित बजेटमा १९ करोड ९७ लाख रुपैयाँ वृद्धि गर्ने निर्णय गरेको हो ।

उपमहानगरपालिकाको गत असार १० गतेको नगरसभाले चालु आव २०८१÷८२ का लागि दुई अर्ब ५२ करोड रुपैयाँ बजेट विनियोजन गरेको | थियो ।



चालु आवको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तथा नगर क्षेत्रका नागरिकको जीवनस्तरमा सुधार ल्याउन बजेट संशोधन गरी बजेटमा वृद्धि गरिएको उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।


विभिन्न विषयगत समितिबाट पेस भएअनुसार कर्मचारी तथा जनप्रतिनिधिको तलब भत्ता, सवारी इन्धन तथा मर्मत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, ईसीडी शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन, बालमैत्री स्थानीय शासन अभियान, बहुवर्षीय योजनाको भुक्तानीलगायत लागि चालु वर्षमा वृद्धि गरिएको प्रवक्ता न्यौपानेले बताए ।

नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरण, आन्तरिक राजस्व स्रोत तथा संघ र प्रदेश सरकारसँगको समन्वयमा सो बजेट रकम व्यवस्थापन गरिने उनको भनाइ छ ।

हेटौंडा उपमहानगरपालिकाले चालु आव २०८१/८२ को पाँच महिनाको अवधिमा विभिन्न शीर्षकबाट २० करोड ६२ लाख १७ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

यस्तै सो अवधिमा चालु आव २०८१/८२ को कुल बजेटमध्ये २१ दशमलव १२ प्रतिशत खर्च भएको उपमहानगरपालिकाले जनाएको छ ।रासस

# महिला यु–१९ विश्वकप खेल्ने टोलीको प्रशिक्षण चितवनमा



**चितवन ।**
मलेसियामा आगामी जनवरीमा हुने महिला यु–१९ विश्वकपका लागि नेपाली टोलीको बन्द प्रशिक्षण चितवनमा हुने भएको छ ।

भरतपुर महानगरपालिका–१५ मा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको नमुना खेल मैदानमा प्रशिक्षण हुने चितवन क्रिकेट सङ्घका अध्यक्ष सुदीप पियाले जानकारी दिएका हुन् । यही पुस १० देखि २२ गतेसम्म बन्द प्रशिक्षण हुने प्रशिक्षणमा १८ खेलाडीसहित २३ जना सहभागी हुनेछन् ।

भरतपुर महानगर प्रमुख रेनु दाहालले नेपाल क्रिकेट सङ्घ (क्यान) को आग्रहअनुसार मैदान उपलब्ध गराइएको बताइन् । उनले सन् २०२७ मा नेपाल र बङ्गलादेशमा तय भएको महिला यु–१९ विश्वकपका खेल यही रङ्गशालामा आयोजना गर्ने गरी महानगरले तयारी गरिरहेको पनि बताउँदै यसका लागि क्यानसँग पहल भइरहेको महानगर प्रमुख दाहालले जानकारी दिइकी छन् ।

यसअघि नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली चितवन राइनोजले पनि यही रङ्गशालामा प्रशिक्षण गरेको थियो । रासस

# पुस अन्तिम सातादेखि पाइपलाइनबाटै पेट्रोल र मट्टितेल ल्याइने

**काठमाडौं ।**
नेपाल आयल निगमले यही पुस अन्तिम सातादेखि भारतको मोतिहारीदेखि पाइपलाइनबाट डिजेलसँगै पेट्रोल र मट्टितेल पनि ल्याउने तयारी गरेको छ ।

निगमले २०७६ सालदेखि पाइपलाइनमार्फत मोतिहारीदेखि अमलेखगन्जसम्म डिजेल आयात गरिरहेको छ ।




पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी निर्माण गरिएको 'मल्टी प्रोडक्ट पाइपलाइन'बाट पेट्रोल र मट्टितेल ल्याउने काम अन्तिम चरणमा पुगेको निगमको मधेस प्रादेशिक कार्यालयका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए ।

निगमले परियोजनाको दोस्रो चरणअन्तर्गत पाइपलाइनबाट पेट्रोल र मट्टितेल ल्याउने कामको परीक्षण सफल गरिसकेको छ ।

'पाइपलाइनबाट परीक्षणका रूपमा पेट्रोल र मट्टितेल अमलेखगञ्ज ल्याएका छौं, भण्डारणका लागि डिपोभित्र नयाँ पाइपलाइन र ट्यांक निर्माण भएको छ । हाल ती संरचनामा 'चार्ज' गर्ने र मिटरको गुणस्तर परीक्षणको काम भइरहेको छ ।,' उनले भने ।

निगमले पाइलपाइनबाट गत असोज १८ गते पाँच हजार पाँच सय किलोलिटर पेट्रोल र गत मङ्सिर २६ गते एक हजार किलोलिटर मट्टितेल अमलेखगन्ज झारेको थियो ।

अब निरन्तर पाइपलाइनबाट डिजेलका साथै पेट्रोल र मट्टितेल ल्याउन सक्ने स्थितिमा निगम पुगेको छ । पेट्रोलियम पदार्थको संवेदनशीलतालाई मध्यनजर गर्दै हाल विस्तृत परीक्षणको काम भइरहेको छ ।

'स–साना 'लिकेज' हुन सक्छ कि भनेर सुक्ष्म रूपमा निगरानी गरिरहेका छौं यसै महिनाको अन्तिम साता पाइपलाइन परियोजनाको दोस्रो चरणको काम उद्घाटन गर्ने योजना छ । यसपछि क्रमशः पाइपलाइनबाट पेट्रोल र मट्टितेल अमलेगन्ज आउनेछ', कार्यालय प्रमुख आचार्यले भने, 'ट्रक ट्यांकरमा तुलनामा पाइपलाइनबाट पेट्रोलियम पदार्थको आयात गर्नु धेरै नै सुरक्षित मानिन्छ । पाइपलाइनबाट इन्धन आउन थालेपछि ट्रकट्यांकर दुर्घटना, इन्धन चोरी तथा मिसावट र वातावरणीय प्रदुषणलगायत समस्याको अन्त्य हुनेछ ।'

पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगन्ज ल्याउन सकिन्छ तर पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था भने बनेको छैन ।

'दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन', प्रमुख आचार्यले भने, 'डिजेल, पेट्रोल र मट्टितेल पाइपलाइनबाटै आयत हुन थालेपछि भने पूर्ण क्षमतामा सञ्चालन हुन सक्छ ।'

यसलाई दक्षिण एसियाको पहिलो अन्तरदेशीय पाइपलाइन परियोजना भनिएको छ, जसको कुल लम्बाइ ६९ दशमलव दुई किमी रहेको छ । यसमध्ये भारततर्फ ३३ किमी र नेपालतर्फ ३६ दशमलव दुई किमी रहेको छ । विसं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले सो परियोजनाको संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

निगमको मधेश प्रादेशिक डिपो अमलेखगन्जबाट विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगन्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगन्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलियम पदार्थ बिक्रीवितरण हुँदै आएको छ ।

**पूर्ण 'अटोमेसन'मा अमलेखगन्ज डिपो**

करिब पाँच दशकदेखि सञ्चालित अमलेखगन्ज डिपो पूर्ण 'अटोमेसन'मा जाँदैछ । पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टितेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्यांक' निर्माण गरिएका छन् । पाइपलाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई वटा 'ट्रान्समिक्स ट्यांक' र अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ ।

ट्रक ट्यांकरमा इन्धन भर्नका लागि थप २४ वटा पूर्णस्वचालित 'लोडिङ–वे', अत्याधुनिक प्रयोगशालालगायत संरचना निर्माण गरी परीक्षण सम्पन्न गरिएको परियोजनाका इन्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए । '२४ वटा लोडिङ–वेमा पेट्रोल र डिजल ट्यांकर भर्नका लागि टप फिलिङ र बटम फिलिङको व्यवस्था गरिएको छ', उनले भने, 'भण्डारण ट्यांक र नयाँ लोडिङ–वे करिब आठ सय मिटरको अन्तरमा छ, यसले डिपोलाई झन् सुरक्षित बनाएको छ ।'

मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न विसं २०३० मा अमलेखगन्ज डिपोको निर्माण सुरु गरिएको थियो । करिब ६७ हजार सात सय २४ वर्गमिटरमा फैलिएको सो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । यो देशकै सबैभन्दा ठूलो डिपोका रूपमा रहेको छ ।

अमलेखगन्जस्थित डिपोमा हाल १५ हजार एक सय १० किलोलिटर पेट्रोल, २४ हजार आठ सय १० किलोलिटर डिजेल र दुई हजार दुई सय ७० किलोलिटर मट्टितेलको भण्डारण क्षमता रहेको छ ।

सरकारले सातै प्रदेशमा कम्तीमा तीन महिनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ । सोही योजनाअनुसार निगमले हाल विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ ।

**अमलेखगञ्ज–लोथर पाइपलाइन विस्तार छिट्टै**

पाइपलाइन परियोजनाको तेस्रो चरणअन्तर्गत अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने योजना कार्यान्वयनका क्रममा छ । लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार परियोजनामा सहयोग गर्न इण्डियन आयल कर्पोरेशनको विज्ञ टोली नेपाल आएको छ ।

'परियोजना विस्तारका लागि पुनः सर्भे हुनुपर्ने देखिएको छ, पाइपलाइन जाने मार्गमा रहेका वन र आरक्ष क्षेत्रका बारेमा पनि अध्ययन भइरहेको छ', प्रमुख आचार्यले भने, 'सम्भवतः अर्को महिनादेखि लोथरसम्म पाइपलाइन विस्तार परियोजनाको काम अघि बढ्छ ।' रासस

# चिकित्सकको 'बलात्कार र हत्या' मा आफू निर्दोष रहेको बयान

**एएफपी**
**कोलकत्ता ।**
३१ वर्षीया एक चिकित्सकको बलात्कारपछि हत्या गरेको अभियोगमा मुद्दा खेपिरहेका एक भारतीय नागरिकले आफू निर्दोष रहेको बयान अदालतसमक्ष दिएको आरोपित पक्षका वकिलले शनिबार बताएका छन् । गत अगष्ट ९ मा पूर्वी शहर कलकत्ताको एक सरकारी अस्पतालमा डाक्टरको रगताम्य शव फेला परेपछि महिला हिंसाको दीर्घकालीन मुद्दालाई लिएर देशव्यापी आक्रोश उत्पन्न भएको थियो । आरोपित पक्षका वकिल सौरभ बन्द्योपाध्यायका अनुसार ३३ वर्षीय सञ्जय रोयले शुक्रबार कोलकाताको एक बन्द अदालतमा न्यायाधीशसमक्ष आफू निर्दोष रहेको भन्दै आफूमाथि लगाइएका आरोपको खण्डन गरेका छन् । 'म दोषी छैन, मलाई फसाइएको छ', वकील बन्दोपाध्यायले विपक्षी रोयले अदालतमा न्यायाधीशसमक्ष भनेका शब्दलाई उद्धृत गर्दै भने । अस्पतालका नागरिक स्वयंसेविका रहनुभएका रोयलाई हत्याको एक दिनपछि पक्राउ गरिएको थियो र त्यसपछि उहाँलाई हिरासतमा राखिएको थियो । दोषी ठहरिएमा उनलाई मृत्युदण्डको सजाय हुन सक्छ । अदालतले नोभेम्बर ११ मा करिब ५० जना प्रत्यक्षदर्शीको बयान सुनेर सुनुवाइ सुरु गरेको थियो तर शुक्रबार रोयले आफू निर्दोष साबित गर्ने उक्त अडान राखेका हुन् । 'न्यायाधीश अनिर्बान दासले छ घण्टा लामो क्यामेराअगाडिको बयानमा उहाँलाई १०० भन्दा बढी प्रश्न सोध्नुभएको थियो', बन्दोपाध्यायले भने । रोयले यसअघि गत नोभेम्बरमासुनुवाई अघि अदालत बाहिर जेलको भ्यानबाट चिच्याउँदै आफू निर्दोष भएको सार्वजनिक गरेका थिए । कलकत्ताका चिकित्सकहरूले यस नृशंस आक्रमणको विरोधमा हप्तौंसम्म हडताल गरेका थिए । दशौं हजार साधारण भारतीयहरु प्रदर्शनमा सामेल भएका थिए । विरोधले जसले महिला चिकित्सक हरूलाई निर्धक्क भएर काम गर्ने उपायहरूको अभावमा आक्रोश केन्द्रित गरेको थियो । भारतको सर्वोच्च अदालतले राष्ट्रिय कार्यदललाई स्वास्थ्यकर्मीको सुरक्षा कसरी बलियो बनाउने भन्ने विषयमा अध्ययन गर्न आदेश दिएको छ । सन् २०१२ मा दिल्लीको बसमा एक युवतीको सामूहिक बलात्कार र हत्याको घटनासँग यस आक्रमणको विभत्स प्रकृतिको तुलना गरिएको थियो । सुनवाई जारी छ । मुद्दाको आगामी सुनवाई सन् २०२५ जनवरी २ मा हुनेछ ।

# सैनिकको मृत्यु भएको आक्रमणमा तालिवानको संलग्नता

**एएफपी**
**इस्लामावाद ।**
पाकिस्तानमा १६ सैनिकको मृत्यु भएको भएको आक्रमणमा तालिवान समूहको संलग्नता रहेको पाकिस्तानी तालिवान समूहले पुष्टि गरेको छ । तालिवानको पाकिस्तानी शाखाले एक विज्ञप्ति जारी गर्दै 'आफ्ना वरिष्ठ कमान्डरहरूको हत्याको बदलामा' आक्रमण गरिएको दाबी गरेको हो । उक्त समूहले मेसिनगन र नाइट भिजन डिभाइसलगायत सैन्य सामग्रीको भण्डार पनि जफत गरेको दाबी गरेको छ । पाकिस्तानी सेनाले यस घटनाबारे अहिलेसम्म कुनै आधिकारिक धारणा सार्वजनिक गरेको छैन । अफगानिस्तानमा सन् २०२१ मा तालिबान सत्तामा फर्किएदेखि नै पाकिस्तानले आफ्नो पश्चिमी सीमावर्ती क्षेत्रमा चरमपन्थी हिंसाको पुनरुत्थानसँग जुधिरहेको छ । इस्लामाबादले काबुलका शासकहरूले सीमा पारबाट पाकिस्तानमाथि आक्रमण गर्ने लडाकूहरूलाई निर्मुल पार्न असफल भएको आरोप लगाएको छ । तेहरीक–ए–तालिबान पाकिस्तान (टीटीपी) का नामले चिनिने पाकिस्तानी तालिवानको तीन वर्षअघि सत्तामा फर्केका अफगानी समकक्षीसँग वैचारिक समानता छ ।

काबुलका नयाँ शासकहरूले अफगानिस्तानको भूमिबाट विदेशी लडाकू समूहलाई हटाउने प्रतिबद्धता जनाएका छन् । तर जुलाईमा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को एक प्रतिवेदनले त्यहाँ करिब छ हजार ५०० टीटीपी लडाकू रहेको अनुमान गरेको थियो । अफगानी तालिबान समूहले टीटीपीलाई आतङ्कवादी समूहको रूपमा स्वीकार गर्दैन । रिपोर्टमा भनिएको छ, 'अफगान तालिबानले हतियार आपूर्ति र प्रशिक्षणका लागि अनुमतिसहित टीटीपी अभियानहरूमा तदर्थ समर्थन र सहिष्णुता राख्ने गरेका पाइन्छ ।'

आक्रमणका घटनाले इस्लामाबाद र काबुलबीचको सम्बन्धमा तिक्तता ल्याएको छ । गत वर्ष पाकिस्तानले लाखौँ गैरकानुनी अफगानी आप्रवासीलाई देश निकाला गर्ने अभियान चलाउनुको एउटा कारण सुरक्षालाई पनि मानिएको थियो ।

यसअघि, पाकिस्तानी गुप्तचर अधिकारीहरूले तालिवान समूहले शनिबार अफगानिस्तानसँग सीमा जोडिएको एक सैनिक चौकीमा रातभर गरेको आक्रमणमा परी १६ सैनिकको मृत्यु हुनुका साथै अन्य पाँच जना गम्भीर घाइते भएको बताएका थिए । नाम नबताउने शर्तमा एक वरिष्ठ गुप्तचर अधिकारीले एएफपीलाई बताएअनुसार मध्यरातपछि करिब ३० जना लडाकूले पहाडी चौकीमा तीनतिरबाट आक्रमण गरेका थिए ।

'आक्रमणमा परी १६ सैनिकको मृत्यु भएको छ भने पाँच जना गम्भीर घाइते भएका छन्', उनले भने, 'लडाकूहरूले सुरक्षा जाँच चौकीमा रहेका वायरलेस सञ्चार उपकरण, कागजात र अन्य सामानहरूमा आगो लगाएका छन् ।' अर्का एक गुप्तचर अधिकारीले पनि अफगानिस्तानको सीमाबाट ४० किलोमिटर टाढा खैबर पख्तुनख्वा प्रान्तको माकेन क्षेत्रमा भएको आक्रमणमा परी मृत्यु हुने र घाइते हुनेको उक्त संख्यालाई पुष्टि गरेका छन् ।

# जलवायु परिवर्तन र खाद्य अधिकार

डा. भेषराज अधिकारी

**१. विषय प्रवेश**

संसारको हरेक कुनामा जहाँ जहाँ मानव वस्ती छ, प्रायः त्यहाँ कुनै न कुनै रूपमा खाद्य अभाव तथा समस्या, खाद्य असुरक्षा, कुपोषण र भोकमरी रहेको छ । यो अतिरञ्जनापूर्ण अभिव्यक्ति होइन, वर्तमानको वास्तविकता हो । एक आँकडा अनुसार अहिले विश्वमा एक अर्बभन्दा बढी मानिस कुपोषित छन् । दुई अर्ब भन्दा बढी मानिस आवश्यक भिटामिन तथा खनिज रहित खाद्यवस्तु कै भरमा गुजारा चलाइरहेका छन् । नेपालमा ४१ प्रतिशत जनसंख्याको न्यूनतम क्यालोरिमा पहुँच छैन । पृथ्वीमा मानवजातिको अस्तित्व भएदेखि नै खानको निम्ति मानवजातीले अनेकौं प्रकारका दुःख, कष्ट, मिहिनेत गर्दै आएको इतिहास छ र अहिले पनि यो प्रक्रिया जारी छ ।

प्रकृतिसँगको संघर्षमा मानवजातिले आफूलाई अस्तित्ववान राख्दै आएको छ । जलवायु परिवर्तनको विषय प्रकृतिसँग नै सम्बन्धीत विषय हो र यसको प्रभाव अनेकौं क्षेत्रमा परिरहेको तथ्य बाहिर आइरहेकै छन् । अन्नको स्रोत प्रकृति हो र जलवायु प्रकृतिको एउटा प्रक्रिया हो । यसकारण प्रकृतिको एउटा पक्षको रूपमा रहेको जलवायुमा परिवर्तन आएपछि खाद्य वा अन्न उत्पादनमा पनि त्यसको प्रभाव पर्ने नै भयो । अनि उत्पादित खाद्य वा अन्नको उपभोग र वितरण प्रक्रिया व्यापक अर्थमा अधिकारसँग सम्बन्धीत विषय भएको हुनाले जलवायु परिवर्तन र खाद्य अधिकारको बीचमा स्पष्ट र महत्वपूर्ण सम्बन्ध रहनु स्वभाविक हो । अहिले जलवायु परिवर्तनको असर खाद्य सुरक्षामा परेको छ र यसले विश्वव्यापी, राष्ट्रिय, घरायसी र व्यक्तिगत तहमा समेत पारेको छ ।

**२. जलवायु र जलवायु परिवर्तन**

प्राकृतिक प्रक्रिया र नियमहरू ज्यादै व्यापक, जटिल तथा अनौठा हुन्छन् । यिनीहरूलाई मान्छेले चिन्दै र बुझ्दै आएका छन् र आफू अनुकूल बनाउने प्रयास पनि गर्दै आएका छन् । यद्यपि यस क्षेत्रमा धेरै काम गर्न बाँकी नै छ । जलवायु पनि एउटा प्राकृतिक प्रक्रिया हो । अहिले विश्वमा जलवायु र जलवायु परिवर्तनको बारेमा धेरै चर्चा परिचर्चा हुने गरेको छ । जलवायुमा आएको परिवर्तनले जीवनलाई नकारात्मक प्रभाव पारेको र जीवन नै खतरामा परेको भनेर नै यस विषमा यतिधेरै चर्चा हुने गरेको हो । विशेषज्ञहरूका अनुसार जलवायु भन्नाले कुनै स्थानको अपेक्षाकृतरूपमा लामो अवधीसम्मको मौसमको औषत अवस्थालाई जनाउँछ । सो स्थानको तापक्रम र वर्षौं वर्षको वर्षाको तथ्याङ्कको विश्लेषण गरी निकालिएको सरदर तामक्रम र वर्षादले नै जलवायुलाई बुझाउँछ र यो जलवायु लामो कालसम्म स्थिर हुन्छ । यसर्थ जलवायु परिवर्तन भन्नाले लामो अवधिसम्म स्थिर रहेको जलवायुमा आएको परिवर्तनलाई बुझ्नु पर्ने हुन्छ ।

जलवायु परिवर्तन मुलतः पृथ्वीको सतहसँग जोडिएको वायुमण्डल तातिंदै गएर हुन गएको हो । वायुमण्डल तातिनुको मूल कारण पृथ्वीको वायुमण्डलमा हरितगृह ग्यासहरूको मात्रा बढ्दै गएर हो । विभिन्न किसिमका ग्यासहरू जस्तो कि कार्बन डाइअक्साइड, मिथेन, नाइटस अक्साइड, ओजोन र ह्यालो कार्वन आदिको अत्यधिक उत्सर्जनले जलवायु परिवर्तनमा भूमिका खेलिरहेका छन् । यी ग्यासहरूको मात्रामा बृद्धि भएर नै पृथ्वीको तामक्रम असामान्यरूपमा बढ्दै गएको हो । यी ग्यासहरूको परिमाण यति धेरै बढ्नुमा औद्योगिक विकासको लागि जलाइएको कोइला, पेट्रोलियम पदार्थ र बन फँडानी आदिलाई मुख्यरूपमा लिइएको छ । विश्वामा औद्योगिक क्रान्तिपछि जलवायू परिवर्तन व्यापक मात्रामा हुँदै आएको छ ।



**३. जैविक विधितामा धनी नेपाल**

विश्व वन्य जन्तु कोषका अनुसार ल्याटिन अमेरिका र क्यारेवीयन क्षेत्रको वनस्पति तथा जन्तुका प्रजातिले विश्वको आधा जैविक विविधताको प्रतिनिधित्व गर्दछ । नेपाल जैविक विविधतामा सम्पन्नताको हिसाबले विश्वको ३१ औं स्थानमा रहेको छ । अध्ययन अनुसार नेपालमा ८६५ प्रजातिका चरा, १८६ माछा, ७ हजार फूल फुल्ने बिरुवा, २४६ जडिबुटी, ५ हजार किरा फट्याङ्ग्रा, ४ सय बाली तथा ६० प्रजातिका जङ्गली खाद्य फलफूल पाइन्छन् । एकातर्फ यस्तो प्रचुर जैविक विविधतको सम्पत्तिलाई हामीले सदुपयोग गर्न सकेका छैनौं भने अर्कोतिर यसको चोरी निकासीको संभावना पनि त्यत्तिकै छ । अनि अझ यी जैविक विविधतामा वातावरण प्रदूषषण तथा जलवायु परिवर्तनले नकारात्मक असर पारिरहेको छ र त्यसको असरलाई न्यून गर्नको निम्ति नीति, कानून र योजना नभएको होइन तर त्यसको प्रभावकारी कार्यान्वन हुन सकेको छैन ।

**४. जलवायु परिवर्तनको कृषि तथा खाद्य क्षेत्रमा असर**

मानवजातिले कृषिलाई शुरुमा केवल जीविकोपार्जनको निम्ति अपनायो भने पछिबाट व्यापारिक तथा व्यावसायिक उद्देश्यले प्रयोग गर्दै आएको छ । अहिले पनि कतिपय समाजमा जीविकोपार्जन तथा कतिपय समाजमा व्यापारिक तथा व्यावसायिक प्रयोजनको निम्ति कृषिलाई अपनाउने गरेको पाईन्छ । मान्छेले व्यवहार र प्रयोगबाट आफूलाई खान चाहिने बोट, बिरुवा, रुख, फलफूल र प्राणी चिन्यो, बुझ्यो र जान्यो अनि तिनलाई संरक्षण तथा सम्बद्र्धन गर्दै ल्यायो । मान्छेको जीवनको अस्तित्व रक्षाको निम्ति स्वयं मान्छेले नै यो कार्य ग¥यो । यी खाद्य वस्तु या अन्नको भण्डार र स्रोत पृथ्वी र यसको हावापानी, माटो, मौसम या अर्को अर्थमा जलवायु नै हो । प्रकृतिसँगको लामो संसर्ग र व्यवहारका दौरानमा मान्छेले जलवायु अनुकूल हुनेगरी आफूलाई चाहिने खाद्य सामग्री जुटाउन त्यप्रकारका वनस्पति तथा प्राणीलाई उत्पादन गर्न जान्ने भयो । यति मात्र होइन अनेकौं खोज, अनुसन्धान तथा आविश्कारको माध्यमबाट नयाँ नयाँ जातका वनस्पति तथा प्राणीको विकास गर्दै खाद्य स्रोत र खाद्य संस्कृतिमा समेत परिवर्तन हुनगयो । यसरी जलवायु र कृषि प्रणालीको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । लामो कृषि व्यवहार, प्रयोग र संसर्गकै माध्यमबाट जलवायु अनुकूल हुनेगरी नै कृषि प्रणाली स्थापित हुन पुगेको हो । त्यसकारण जलवायुमा हुने परिवर्तनले स्थापित कृषि प्रणालीमा प्रभाव पार्दछ । जलवायु परिवर्तनले समग्रमा कृषि प्रणालीमा नकारात्मक असर पु¥याइरहेको तथ्य अनेकौं खोज तथा अनुसन्धानमार्फत सार्वजनिक भइरहेका छन् । सारमा भन्नुपर्दा जलवायु परिवर्तनको कारणले अन्न उत्पादन घट्ने तथा नासिने हुन्छ । परिणामस्वरूप खाद्यान्नमा कमी आई मानवजातिलाई खाद्यान्नको अपुग हुन पुग्दछ । यसप्रकार खाद्य संकट बढिरहेछ र जलवायु परिवर्तन हुँदै जाने हो भने भोकमरी अझै बढ्नेछ । खाद्य संकट उत्पन्न भएर द्वन्द्व र हिंसाले प्रश्रय पाउनेछन् ।

**५. खाद्य अधिकारः मानव अधिकार**

खाद्य अधिकार मौलिक मानव अधिकार हो । अर्को अर्थमा खाद्यान्नको अधिकार जीवनको अधिकार हो । सबै



मानिसहरूले निरन्तररूपमा आ–आफ्नो संस्कृति र परम्पराअनुसारको स्वस्थबद्र्धक खाद्यान्न बिना कुनै अवरोध, भेदभाव प्राप्त भइरहने अवस्थालाई खाद्य सुरक्षा भनिन्छ । पर्याप्त गुणात्मक खाना उपलब्ध भएर भोकबाट छुटकारा हुन पाउनु मानवको नैसर्गिक अधिकार हो । गुणात्मक खाद्य भन्नाले खानामा सन्तुलन हुनुपर्ने, कार्वोहाइड्रेट, प्रोटिन, बोसो, भिटामिन तथा खनिज पदार्थ सबैको मिश्रण चाहेको समयमा उपलब्ध हुनु पर्दछ । अनि खाद्य अधिकारले खानामा पोषण, शक्ति वा प्रोटिनको न्यूनतम उपभोगको मात्रालाई मात्र जनाउँदैन, बरु यसले खाद्यान्नमा व्यक्तिको भौतिक र आर्थिक पहुँच लगायत खाद्यान्नको उत्पादन र उपभोगको लागि आवश्यक पर्ने साधनहरूमा हुनुपर्ने पहुँचलाई पनि समेट्छ ।

मानव अधिकारहरू परस्पर अन्तरनिर्भर, अविभाज्य र अन्तर सम्बन्धित हुन्छन् । खाद्य अधिकार र अन्य मानव अधिकारहरू जस्तो कि स्वास्थ्यको अधिकार, बाँच्न पाउने अधिकार, पिउने पानीको अधिकार, पर्याप्त आवासको अधिकार, शिक्षाको अधिकार, काम गर्न पाउने र सामाजिक सुरक्षाको अधिकार, संघसंस्था खोल्ने एवम् सार्वजनिक मामिलामा सहभागी हुन पाउने अधिकार, सूचनाको हक÷अधिकार, निकृष्ट स्वरूपको बालश्रमबाट स्वतन्त्रता, यातना तथा क्रुर, अमानवीय एवम् अपमानजनक व्यवहार विरुद्धको स्वतन्त्रता जस्ता अधिकारहरू अन्तरसम्बन्धित हुन्छन् । खाद्य अधिकारको उल्लंघन हुँदा अन्य अधिकारमा र अन्य अधिकारको उल्लंघन हुँदा खाद्य अधिकारमा प्रतिकूल प्रभाव पर्दछ । त्यसैले सबै अधिकारहरूले एक अर्कासँग अन्तर सम्बन्ध राख्दछन् ।

**६. संविधान र कानूनद्वारा खाद्य अधिकारको प्रत्याभूति र कार्यान्वयनको अवस्था**

संविधानमा स्पष्टसँग खाद्य अधिकार सम्बन्धी प्रावधानको व्यवस्था गर्ने विश्वमा धेरै कम मुलुकहरू छन् । नेपालमा पहिलोपटक अन्तरिम संविधान २०६३ को धारा १८(३) ले खाद्य सम्प्रभुताको हकलाई मौलिक अधिकारको रूपमा स्थापित गरेको थियो । नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । जस अनुसार प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक, खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र कानून बमोजिम खाद्य सम्प्रभूताको हकको व्यवस्था छ । नेपालका अनेकौं ऐन, नियमावली, नीति तथा योजनाहरूले प्रत्यक्ष तथा परोक्षरूपले मान्छेले खान पाउने अधिकारलाई स्वीकार गर्दै कार्यान्वयन गर्न दृढता व्यक्त गरेका छन् ।

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ । संविधानको मौलिक हकमा खाद्य अधिकार सम्बन्धी प्रावधानको कार्यान्वयन गर्न आएको खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ ले जलवायु परिवर्तनबाट खाद्य उत्पादनमा पर्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट जोखिम न्यूनीकरणका लागि निवाराणात्मक उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ । यसैगरी उक्त ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० अन्तर्गत विभिन्न नियमहरू बनाएको छ । यस नियमावलीमा जलवायु परिवर्तनले खाद्य उत्पादनमा पार्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुने जोखिम न्यूनीकरणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा विभिन्न कार्यहरू गर्नुपर्ने विषय उल्लेख छन् । तर यी कानूनी व्यवस्थाहरु एकातिर छन् कार्यान्वयनको पाटो कमजोर हुँदा मानिसहरु भोकै बस्नु पर्ने बाध्यता छ । अझ बढि त महिला र बालबालिकाहरु कुपोषणको शिकार बन्नुपर्ने दयनीय अवस्था छ ।

जलवायु संकटले खाद्य अधिकारको कार्यान्वयनमाथि प्रतिकूल असर पारेकाले आज जलवायु न्यायको विषय उठिरहेको छ । जलवायु न्याय भनेको मानव अधिकार, मानव विकास र जलवायु कार्यलाई जोड्नु हो । जलवायु न्यायले वातावरण र मानिस दुबैको सुरक्षा गर्दछ र यो आवश्यक छ कि सरकारले खाद्य आपूर्ति व्यवस्था र आपूर्तिकर्ता दुबैलाई जोगाउनको लागि एक व्यापक न्यायोचित संक्रमण योजना विकास गर्नुपर्छ ।

**७. खाद्य अधिकारको प्रत्याभूति सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा तथा कानून**

मानवअधिकारको विश्वव्यापी घोषणा (१० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्र संघको महासभाको निर्णय नं. २१७ (क्षक्क्ष) द्वारा पारित तथा घोषित) धारा २५(१) मा प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ र यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्तिबाहिरको कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्र संघीय अनुबन्ध ( १६ डिसेम्बर १९६६ को महासभाको निर्णय नं. २२०० (२१) द्वारा ग्रहण गरी हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुल्ला गरिएको धारा २७ अनुसार ३ जनवरी १९७६ देखि लागू भएको र नेपालले अनुमोदन गरी पक्ष राष्ट्र बनिसकेको छ । धारा ११(१) मा आफ्नो र आफ्ना परिवारका सदस्यहरूको निम्ति खानाको अधिकारको प्राप्तिलाई सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्ने प्रतिबद्धता जनाइएको छ । यसैगरी धारा ११(२) मा भोकबाट मुक्त हुने सबैको मुलभूत अधिकारलाई मान्यता दिंदै त्यसको पूर्तिको निम्ति वर्तमान अनुबन्धका पक्षराष्ट्रहरूले एक्लै अथवा अन्तर्राष्ट्रिय सहयोगद्वारा ठोस कार्यक्रम चाल्ने भनिएको छ । महिला विरुद्ध सबै प्रकारका भेदभावहरू उन्मूलन विषयक अभिसन्धी (८ डिसेम्बर १९७९ मा महासभाद्वारा (प्रस्ताव नं. ३४÷१८०) पारित भई हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुल्ला गरिएको धारा २७(१) अनुसार ३ सेप्टेम्बर १९८१ मा लागू भएको र नेपालले अनुमोदन गरेर पक्ष राष्ट्र बनिसकेको छ ।) यसको धारा १२(१) र (२) तथा धारा १४ (१),(१) को (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा महिलाको खाद्य अधिकारको व्यवस्था गरिएको छ । बाल अधिकार सम्बन्धी अभिसन्धी (१९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित र धारा ४९ अनुसार २ सेप्टेम्बर १९९० मा लागू भएको र नेपालले अनुमोदन गरी पक्ष राष्ट्र रहेको छ ।) धारा २४(१), (२) को (क), (ख), (ग), (घ), (ङ)र (च), धारा २४(३) र (४), धारा २७(१),(२), (३) र (४) मा बालकको खाद्य अधिकारको बारेमा व्यवस्था गरिएको छ ।

**८. जलवायु परिवर्तनले खाद्य अधिकारको कार्यान्वयनमा प्रतिकूलता**

जलवायु परिवर्तनले खाद्य उत्पादनमा कमी ल्याउने, परम्परागत खाद्य सामग्रीको अस्तित्वमा संकट उत्पन्न गर्ने, खाद्य सामग्रीलाई अस्वस्थ पार्ने, खाद्य वितरण प्रणालीमा प्रतिकूल प्रभाव पार्ने आदि जस्ता परिस्थितिहरू सिर्जना गर्दछ । जलवायु परिवर्तनको कारकतत्वको रूपमा रहेको हरितगृह ग्यास उत्सर्जन अरु प्राणीले गरेको होइन मान्छेले नै गरेको हो । शुरुमा नबुझेर गरेको भए तापनि पछिबाट जानीबुझीकन बढी मात्रामा औद्योगिक शक्ति राष्ट्रहरूले गरिरहेका छन् भन्ने कुरा वास्तविकता हो । खाद्य अधिकारलाई सुनिश्चित गर्न आफैंले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय कानून, घोषणा र जलवायु परिवर्तनलाई रोक्न चालिएका नीति तथा योजनाको कार्यान्वयन राज्यले गर्नुपर्ने दायित्व छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गरी खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार गर्ने प्रतिबद्धता जनाएको छ । यसैगरी जलवायु परिर्तन न्यूनीकरण र अनुकूलनका थुप्रै नीति तथा कार्यक्रहरु राज्यले ल्याएको छ तर त्यसको प्रभावकारी कार्यान्वयनमा समस्याहरु देखिएका छन् ।

**९. राज्यको उत्तरदायित्व**

मानव अधिकारको संरक्षण र प्रवद्र्धन गर्नु राज्यको उत्तरदायित्वभित्र पर्ने विषय हो । मानव अधिकारसम्बन्धी राज्यका दायित्वहरू अन्तर्राष्ट्रिय कानून र मानव अधिकारसँग सम्बन्धीत अन्तर्राष्ट्रिय सन्धिद्वारा सुनिश्चित गरिएको हुन्छ । सामान्यतया राज्यको तर्फबाट पूरा गर्नुपर्ने त्यस प्रकारका दायित्यहरू तपसिल बमोजिम रहेका छन् । राज्यले खाद्य अधिकारको सम्मान गर्ने दायित्व अन्तर्गत खाद्य सुरक्षा÷अधिकार सम्बन्धी नीति नियमहरूको पालना गर्नु पर्दछ । निजी एवं सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरू तथा सैन्य बलबाट खेतीयोग्य जमीन ध्वस्त पार्ने, प्रदुषित गर्ने र विस्थापन गर्ने र जर्बजस्ती निकाला गर्ने जस्ता कार्य नहुने कुराको राज्यले जनतालाई सुनिश्चितता प्रदान गर्नु पर्दछ । खाद्य सम्प्रभूताको अधिकारलाई राज्यले सम्मान गर्ने दायित्व रहेको हुँदा राज्यले सो दायित्व पूरा गर्नु पर्दछ । राज्यले खाद्य अधिकारको सम्मान गर्ने उत्तरदायित्व अन्तर्गत खाद्य अधिकारको उपभोगमा तेस्रो पक्षबाट (अन्य व्यक्तिहरू, समुह, निजी उद्यमी र अन्य संस्थाहरू) बाट हुने अतिक्रमण वा दख्खल तथा उल्लंघनबाट राज्यले संरक्षण गर्नु पर्दछ । राज्यले खाद्य अधिकारको परिपूर्ति गर्ने उत्तरदायित्व अन्र्तगत खाद्य अधिकारलाई प्रवद्र्धन गर्ने, सहजीकरण गर्ने र उपलब्ध गराउने दायित्वहरू पर्दछन् । यसको परिपालनाका लागि सर्वसाधारण जनतालाई खाद्यवस्तु सहजरूपमा उपलब्ध गराउने जिम्मेवारी राज्यले लिनु पर्दछ ।

**१०. निष्कर्ष**

जलवायु परिवर्तनलाई तत्काल बढ्न नदिने र त्यसको असरलाई यथाशिघ्र घटाइहाल्न सकिने अवस्था देखिंदैन तसर्थ जलवायु परिवर्तनको अनुकूलन हुने ढंगले बढ्नु बुद्धिमानी हुनजान्छ । यसको लागि यस अनुकूल हुने ढंगले खेतिपाती गर्ने, सोही अनुकूलका बालीनाली र फसल विकसित गर्ने जस्ता कार्यहरू गर्नुपर्दछ । अन्यथा खाद्य संकटको यस घडीमा भोकमरीसँग जुध्न असम्भव छ । जलवायु परिवर्तनको निम्ति भूमिका खेलिरहेकाहरूले जनताको मौलिक मानवअधिकारको रूपमा स्थापित खान पाउने अधिकारलाई उल्लंघन गरिरहेका छन् । जलवायु उत्थानशील समाजको निर्माण, पारिस्थितिकीय प्रणालीमा दिगोपना कायम गर्दा नै खाद्य अधिकारको कार्यान्वयनमा योगदान पुग्ने भएकाले सम्बद्ध पक्षले यसमा ध्यान दिनु पर्दछ । राष्ट्रिय प्रकृति संरक्षण कोष जस्तो अग्रणी संस्थाले यस विषयमा उल्लेख्य काम गर्दै आएकोमा यसको थप कार्यक्षमता सुदृढीकरणका लागि राज्यले यथोचित लगानी गर्नु पर्दछ ।

# प्रमुख तीन दल चरम भ्रष्टाचारमा डुबेको डा. भट्टराईको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल समाजवादी पार्टी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले प्रमुख तीन राजनीतिक दलहरु चरम भ्रष्टाचारमा डुबेको आरोप लगाएका छन् । जनकपुरधाममा शनिबार नेपाल समाजवादी पार्टी मधेश प्रदेश कमिटीको कार्यालय उद्घाटन गर्दै उनले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेशवादी राजनीतिक दलहरु चरम भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाए । यी तीन दलहरुले आफूले गरेका भ्रष्टाचारहरु लुकाउन सरकार फेरिने र एकले अर्कोलाई आरोप लगाउने गरेको डा. भट्टराईले दाबी गरे । भ्रष्टाचार तन्त्रमा फसेको राजनीतिलाई भ्रष्टाचाररहीत, सुशासनयुक्त राजनीति स्थापना गर्ने र देशमा तीव्र विकास र समृद्धि ल्याउने एजेण्डा आफूले बोकेको दाबी उनको छ । उनले देशको मुख्य समस्या गरिबी र बेरोजगारी रहेको भन्दै यसलाई हटाउन आर्थिक विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिए । डा. भट्टराईले देशलाई २० वर्षभित्र गरिबीबाट मुक्त गर्ने, रोजगारी सिर्जना गर्ने गुरुयोजना आफूहरुले बनाएको जानकारी गराए । भोट किनेर सत्तामा पुग्ने र पालैपालो देशलाई खोक्रो बनाउने काम भइरहेको उनको टिप्पणी छ । भ्रष्टाचार अन्त्य गर्न अधिकार सम्पन्न आयोग बनाउने र सबै भ्रष्टाचारीहरुको छानबिन गरेर कठघरामा उभ्याउने प्रतिबद्धता उनले जनाए । यसैबीच उनले धनुषाको प्रसिद्ध जानकी मन्दिरको भ्रमण समेत गरेका छन् ।

# दुईदिने अन्तर्राष्ट्रिय रामायण कान्क्लेव



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
अन्तर्राष्ट्रिय रामायण तथा वैदिक अनुसन्धान संस्थान अयोध्या (संस्कृति विभाग), जानकी मन्दिर र जनकपुरधाम उपमहानगरपालिकाको संयुक्त आयोजनामा उत्तर प्रदेशको पर्यटन विभागले जानकी मन्दिरको प्राङ्गणमा दुईदिने अन्तर्राष्ट्रिय रामायण कन्क्लेभ आयोजना गरेको छ । कन्क्लेभ जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवले उद्घाटन गरे । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले आमन्त्रित सबै सन्तलाई अंगवस्त्र र जानकी मन्दिरको तस्बिर दिएर स्वागत गरे । बगही सीतामढीका सन्त सुखदेव दासजी, बालकदास महाराज (बनारस), राम मन्दिरका सन्त स्वामी डा. पुरुषोत्तम आचार्य, आचार्य श्री रामानुज नेपाल र जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवले भगवान श्रीराम र विश्व माता सीताको महत्वबारे प्रकाश पारे । उनीहरुले रामायणबारे बताए । नेपालका सन्तहरूले भने, 'श्रीराम विश्वका लागि भगवान भए पनि मिथिलाबासीका लागि भगवान दुलाहा सरकार हुन् ।' अन्तर्राष्ट्रिय रामायण तथा वैदिक अनुसन्धान संस्थान, अयोध्या (संस्कृति विभाग)का निर्देशक आशुतोष द्विवेदीले भने, 'रामको पाइला खसेका सबै ठाउँमा यो अन्तर्राष्ट्रिय रामायण कन्क्लेभ हुन्छ । डिसेम्बर २४ मा सीतामढीको पुनराधाममा आयोजना गरिने छ ।' चित्रकूट, रामटेक, रामेश्वरलगायत कुल नौ स्थानमा कार्यक्रम आयोजना हुनेछ । यसबाट रामायणबारे जनतालाई जानकारी गराउनुका साथै पर्यटन प्रवर्द्धन हुनेछ ।
दोस्रो सत्रमा भजन सम्राट पद्मश्री अनुप जलौटाले भजन गायन प्रस्तुत गर्ने छन् । त्यसैगरी मिथिला नाट्य कला परिषद जनकपुरधामले जानकी लीला र आजमगढका कलाकारले धोबिया नृत्य प्रस्तुत गर्नेछन् ।

# क्रिकेट जगतमा चर्चा, मधेशमा खुसीयाली



**मधेशदृष्टि**
**वीरगंज ।**
'फेस्टिबल अफ हिमालय'को रुपमा प्रचार प्रसार गरिएको पहिलो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) ले नेपालमा मात्र नभई विश्वव्यापी चर्चा बटुलेको छ । एनपिएलमा कर्णाली याक्सबाट भारतीय स्टार क्रिकेटर शिखर धवन, विराटनगरबाट न्यूजिल्याण्डका ओपनर मार्टिन गुप्टिल, न्यूजिल्याण्डका जिमी निसम, पाकिस्तानका सोहेल तनवीर, इङ्ग्ल्याण्डका रवि बोपारा जस्ता विश्वस्तरीय चर्चित खेलाडीको प्रवेशले लिगलाई विश्वभर चर्चित बनाएको छ । स्टार स्पोर्टस् टिभीलाई लिग प्रसारणको अधिकार दिएपछि यो लिगले विश्वमा आफ्नो पहुँच पुर्याउन सफल भएको छ । साथै यो प्रतियोगिताको वेस्टइण्डिजका क्रिकेटका हस्ती ब्रायन लारालेसमेत अवलोकन गरेका थिए ।
यसैबीच उपाधी जितेको खुशियालीमा पर्सा, बारा लगायत मधेश प्रदेशमै समर्थक र क्रिकेट प्रेमीहरुले खुशियाली साट्टासाट गरेका छन् । मिठाई बाडेर, पटका पडकाएर, मन्दिरमा प्रार्थना गरेर, स्थानीय सर्वसाधारणले खुशियाली साट्टासाट गरेका हुन । दुई पल्ट पराजित भएर पनि फाईनलमा सुदूरपश्चिम माथि जित हात पारी उपाधी उचालेकोमा जनकपुर वास्तविक विजेताको हकदार बनेको खेलप्रेमीहरुको प्रतिक्रिया रहेको छ । यता जनकपुरको तर्फबाट खेलेका प्रारम्भिक ब्याट्स म्यान आशिफ शेखको गृहनगर वीरगंजमा समेत खुशियाली छाएको छ । मुर्लीमा रहेको उनको घरका परिवारका सदस्य, छर छिमेकी र टोलमा समेत उत्साह छाएको छ ।
यसैबीच जनकपुर बोल्ट्सले एनपिएलको उपाधि जितेको खुशीमा पर्सा जिल्लाको सखुवा पर्सौनी गाउँपालिकाले आइतबार सार्वजनिक बिदा दिएको छ ।

# जनकपुरको हौसला बढाउन मैदानमै पुगे मुख्यमन्त्री सिंह



मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले एनपिएलको उपाधि भिडन्तमा जनकपुर बोल्ट्सको हौसला बढाउन कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशाला पुगेका थिए । उनले जितले प्रदेशका खेलाडीहरूको आत्मबल, प्रतिष्ठा तथा उत्साहमा वृद्धि भएको बताउँदै टोलीको ऐतिहासिक विजयलाई हर्षोल्लासपूर्वक अभिव्यक्त गर्न खेलप्रेमीहरूलाई आग्रह गरेका छन् । मुख्यमन्त्री सिंहले प्रतियोगिता अवधिभर जनकपुर बोल्ट्सले गरेको उत्कृष्ट र आनन्दायक प्रदर्शनबाट प्रदेशवासीमा अन्तिम खेल समेत जित्ने विश्वास पलाएको भन्दै उनले टोलीले पनि आफ्नो कुशल रणनीति, उच्च मनोबल र धीरतापूर्ण खेलले प्रदेशवासीको भरोसामा खरो उत्रेको उल्लेख गरे । उनले खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको समेत जनाए ।
यसैबीच राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो पनि बोल्ट्का खेलाडीहरुको हौसला बढाउन रंगशालामै पुगेर खेल हेरेका थिए । उनले नेपालमा क्रिकेट प्रति जनताको विशेष रुचि र देशलाई क्रिकेटको माध्यमबाट विश्वमा पहिचान दिलाउन महत्वपूर्ण भूमिका र सम्भावना भएकोले संघीय, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारले समन्वय गरेर क्रिकेटका लागि रंगशाला लागयतका भौतिक पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताए । यसैगरी नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, गृहमन्त्री रमेश लेखक, मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज यादवलगायतका व्यक्तित्वहरुसमेत एनपिएल फाइनल हेर्ने रंगशाला पुगेका थिए ।

# जसपा नेपालको वृहत पार्टी प्रवेश




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी(जसपा) नेपालले वीरगंज महानगरपालिका वडा नम्बर १९ विन्दवासिनीमा वृहद पार्टी प्रवेश कार्यक्रम गरेको छ । जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश प्रसाद यादवको अध्यक्षता माभएको पार्टी प्रदेश कार्यक्रममा पूर्व वडाध्यक्ष तथा लोसपाका नेता सन्तोष तिवारीको नेतृत्वमा २५० भन्दा बढी व्यक्तिहरु विभिन्न पार्टी परित्याग गर्दै जसपा नेपालमा प्रवेश गरेका हुन् । शनिबार विन्दवासिनी मन्दिरको सभाहलमा भएको कार्यक्रममा नवप्रवेशीहरुलाई जसपा नेपालका केन्द्रिय अध्यक्ष उपेन्द्र यादव, महासचिव एवम् मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतलगायतले माला र टीका लगाएर पार्टीमा स्वागत गरेका थिए । जनतासँग जसपा नेपाल, आधारभूत संगठन निर्माण अभियानमा जुटेका पार्टी पंक्तीले मधेश प्रदेश भरी पार्टी संगठनलाई थप मजबुत र संगठित बनाउन जुटेको छ ।
कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष उपेन्द्र यादवले अधिकारको लडाई अहिले समाप्त भइ नसेकाले एकजुट भएर लाग्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिए । कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव राउतले दुई चार जना पार्टी छोडेर जाँदैमा संगठनलाई कुनै समस्या नहुने बताए । अवसरवादीहरुले पार्टी छोडर जाँदा अहिले जसपा नेपालमा असल र मधेश मुद्दा प्रति अपनत्व भावना राख्नेहरुको प्रवेश भइरहेको बताए । कार्यक्रममा केन्द्रीय सदस्यहरु सुरेन्द्र कुर्मी, फिरोज मन्सुर, अशोक टेमानी, बिरेन्द्र यादव, प्रदेश सभा सदस्य सिंगासन साह कलवार, जिल्ला अध्यक्ष रामनरेश यादव, शशिकपुर मियाँ, नगर अध्यक्ष निरन्जन पटेल, क्षेत्र नम्बर १ का अध्यक्ष धनश्याम गुप्ता, क्षेत्र– न का अध्यक्ष कामेश पण्डित, वडा अध्यक्षहरु पर्शराम चौरसिया, आशुतोस चतुर्वेदी, महबुब एलाही, विद्यार्थी अध्यक्ष सागिर अलि, दिलखुस देवान, युवा नगर अध्यक्ष आकास गिरी लगायत नेता कार्यकर्ताहरुको उपस्थित रहेको थियो ।
यस्तै, वीरगंज महानगरपालिका वडा नम्बर २६ जगरनाथपुरमा जसपा नेपालको अभिमुखिकरण तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न पार्टी त्याग गरी जसपा नेपालमा प्रवेश गरेकाहरुलाई पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले स्वागत गरेका थिए । जसपा नेपालका नेता मनोज ठाकुरको अध्यक्षता सम्पन्न कार्यक्रममा पार्टीका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# कारभित्र फेला परेको शवको पहिचान खुल्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ११ मा कारभित्र फेला परेको शवको पहिचान खुलेको छ । फेला परेको शव प्रहरी कै रहेको बारा प्रहरीले जनाएको छ ।
बाराका प्रहरी उपरीक्षक महेन्द्र खड्काले फेला परेको शव कार्यालय सहयोगी राजकुमार रुम्बाको रहेको बताए । उनका अनुसार मृतक राजकुमार सिमरा विमानस्थलमा कार्यालय सहयोगीको रुपमा कार्यरत थिए । घटनाको प्रकृति हेर्दा हत्या गरेको जस्तो देखिएपनि शवको पोस्टमार्टमको रिपोर्ट आएमात्रै यकिन गर्न सकिने प्रहरी उपरीक्षक खड्काले बताए । बागमती प्रदेश ०१–०२८ च ७६१६ नम्बरको कारभित्र रुम्बाको शव फेला परेको थियो । उक्त गाडी सिमरा विमानस्थलमा कार्यरत राष्ट्रिय अनुसन्धानका प्रहरी निरीक्षक श्रीकान्त तिवारीको रहेको बारा प्रहरीले जनाएको छ । घटनास्थलमा तालिम प्राप्त कुकुरसहित घटनाको सूक्ष्म अनुसन्धान भइरहको प्रहरीले जनाएको छ ।


हार्दिक बधाई



नेपाल पत्रकार महासंघको केन्द्रीय सचिव (मधेशी)मा अत्याधिक मतका साथ विजयी हुनु भएका वरिष्ठ पत्रकार अशोक तिवारीलाई हार्दिक बधाई एवम् आगामी कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

ध्रुव साह
कार्यकारी अध्यक्ष

Tv BIRGUNJ | RADIO | मधेशदृष्टि राष्ट्रिय दैनिक


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन